मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष २ | अंक ५४ | २०८० साल पुष २६ गते बिहिबार | Thursday 11, January 2024 | सूर्योदय: बिहान ६:५६ बजे | सूर्यास्त: साँझ ५:३० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

## क्रिकेटर सन्दीप लामिछानेलाई ८ वर्ष कैद



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला अदालत काठमाडौँले बलात्कारको आरोपमा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेलाई ८ वर्ष कैद सजाय सुनाएको छ ।
काठमाडौँ जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको इजलासले बुधबार सजाय तोकेको हो ।
जाहेरवालापक्षले अधिकतम र सन्दीपका वकिलले न्यूनतम सजाय माग गर्दै आज इजलासमा बहस गरेका थिए ।
जिल्ला अदालतका अनुसार सन्दीपलाई कैदबाहेक ३ लाख रुपैयाँ जरिवाना र पीडितलाई २ लाख रुपैयाँ क्षतिपूर्ति भराउन आदेश भएको छ । बुधबारको फैसलामा भनिएको छ, 'परिवर्तित नाम गौशाला–२६ को उमेर, प्रतिवादी सन्दीप लामिछानेको उमेर, घटना हुँदाको अवस्था, प्रतिवादीको सामाजिक हैसियत, पीडितलाई परेको मानसिक असरसमेतलाई विचार गर्दा प्रतिवादीलाई मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (३) (ङ बमोजिम ८ वर्ष कैद र दफा २१९ (३) (क) बमोजिम ३ लाख रुपैयाँ जरिवाना हुने तथा पीडितलाई पुग्न गएको मानसिक असरलाई विचार गर्दा दफा २२८ बमोजिम प्रतिवादीलाई भएको जरिवाना ३ लाख रुपैयाँ र थप दुई लाख रकम क्षतिपूर्तिवापत प्रतिवादीबाट पिडितलाई भराइ दिने ठहर्छ ।'
यता, क्रिकेटर लामिछाने अदालतको फैसलाविरुद्ध उच्च अदालत जाने भएका छन् ।
उनका वकिल सरोज घिमिरेले फैसलाप्रति आफ्नो पक्ष असन्तुष्ट रहेको बताए । जिल्ला अदालतमा पत्रकारहरुसँग कुरा गर्दै उनले कुनै पनि आधार, कारण र प्रमाणले लामिछाने दोषी नदेखिएको तर्क

बाँकी पृष्ठ २ मा

## महानगरको १४ औँ नगरपरिषद्
## वीरगंजमा थप चार हजार धारा जडान गरिने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको १४ औँ नगरसभा बुधबार भएको छ । 'औद्योगिक तथा व्यापारिक सहरः सुसंस्कृति, सभ्य हाम्रो वीरगंज महानगर' भन्ने नाराका साथ आयोजित नगरसभा नगरप्रमुख राजेशमान सिंहले उद्घाटन गरे । उनले वैभव वीरगंज बनाउन नगरबासीले दिएको जिम्मेवारी सानातिना उल्झन र अवरोधले नरोकिने बताए ।
सिंहले मधेश प्रदेशको एक मात्र महानगरपालिकाका रुपमा रहेको वीरगंजलाई समृद्ध बनाउँदै मुलुककै आर्थिक राजधानीका रुपमा स्थापित गर्न सबैको सामुहिक प्रयास हुनु पर्नेमा जोड दिए । नगरप्रमुख सिंहले नगर अधिवेशनबाट पारित विषय लागु गर्न वडासदस्यहरुलाई सक्रियता बढाउन आग्रह गर्दै नगर परिषद् सदस्यको मागबमोजिम परिचयका लागि लोगो निर्माण गरिने प्रतिवद्धता व्यक्त गरे ।
उनले वडास्तरीय योजनामा भुक्तानी गर्दा नगर सदस्यले अनुगमन गर्ने, अनियमितता भए लिखित निवेदन दिने अधिकार रहेको बताउँदै कानुनले तोकेको अधिकार भन्दा बाहिर जान नसकिने बताए । उनले महानगरमा वडा सदस्यहरुको




सम्पर्क कार्यालय एकहप्ताभित्र हुने जनाउँदै कानुनले तोकेको सेवासुविधा नगर सदस्य र कर्मचारीलाई दिन आफू तत्पर रहेको बताए । उनले महानगरमा भइरहेको इन्धन वितरण व्यवस्थित र पारदर्शी बनाउन महानगरपालिकाका सवारी साधनबाहेक अन्यलाई इन्धन उपलब्ध नगराइने प्रतिबद्धता समेत व्यक्त गरे ।
वीरगंज महानगरपालिकाको १४ औँ नगरसभा अधिवेशनले चालु आर्थिक वर्षको वार्षिक बजेटमा २५ करोड रुपैयाँ थप गर्नुका साथै विभिन्न योजना तथा कार्यक्रम परिमार्जन गरेको छ ।
अधिवेशनले विनियोजन ऐन २०८० मा समावेश भएको चालु आर्थिक वर्ष २०८०–८१ को वार्षिक बजेट ३ अर्ब २१ करोड रुपैयाबाट बढाएर ३ अर्ब ४६ करोड रुपैयाँ पुऱ्याएको हो ।
अधिवेशनले खानेपानीका लागि महानगरबासीको ४ हजार घरधुरीमा धारा जडान गर्न ८० लाख रुपैयाँ थप छुट्याएको नगरभामा नगरप्रमुख राजेशमान सिंहले बताए ।
भारतीय दूतावाससँगको सहकार्यमा महानगरका ४ हजार घरधुरीमा धारा जडानका लागि थप बजेट छुट्याइएको महानगरका नगरप्रमुख सिंहले जानकारी दिए । दूतावासको ८० प्रतिशत र महानगरको २० प्रतिशत लगानी हुने गरी धारा जडान कार्य अघि बढाउन बजेटमै संशोधन गरेर महानगरले भुक्तानी गर्नु पर्ने २० प्रतिशत रकम विनियोजन गरिएको हो । यसैगरी नगरसभामा मेयर सिंहले विभिन्न विधेयक समेत पेश गरेका थिए । वीरगंज महानगर सभाको कार्य सञ्चालन विधेयक, संस्कृति तथा सम्पदा संरक्षण एवम् सम्बद्र्धन विधेयक, संघसंस्था दर्ता तथा नियमनसम्बन्धी विधेयक सभामा पेश गरिएको हो । साथै बस्ती विकास, सहरी योजना तथा भवन निर्माण मापदण्ड तथा भवन निर्माण इजाजतसम्बन्धी कार्यविधि २०७५ तेस्रो संशोधन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण संशोधन विधेयक पनि पेश भएको छ ।
आवश्यक कानुन अभावमा काम गर्न असहज भएकाले सभामा विधेयक पेश गरिएको प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले बताए ।
अधिवेशनमा वडा सदस्यका तर्फबाट उठाइएका विभिन्न जायज माग पूरा गर्न आफू सधैँ तत्पर रहेको नगरप्रमुख सिंहले बताए । वडा सदस्यहरुको माग सम्बोधन भएसँगै वीरगंज महानगरपालिकाको १४ औँ अधिवेशन सम्पन्न भएको छ ।

## आर्थिक चलखेलमा
## उपसचिव तिमल्सेनालाई उन्मुक्ति

**एसपी गौरव**
**सर्लाही ।**
पटकपटक भ्रष्टाचार र अनियमिततामा मुछिएका उपसचिव बासुदेव तिमल्सेनालाई यसपटक पनि विशेष अदालतले सफाइ दिएको छ । २०७४ जेठमा चार लाख रुपैयाँसहित रंगेहात अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासले नियन्त्रणमा लिएका उपसचिव तिमल्सेनासहित तीनजनालाई आयोगले गलत लिखत तयार गरेको आरोपमा पुनः मुद्दा दर्ता गरेको भए पनि यो मुद्दामा पनि विशेष अदालतले सफाइ दिएको छ ।
गलत लिखत तयार पारी भ्रष्टाचार गरेको आरोपमा लालबन्दी नगरपालिकाको शिक्षा शाखाका तत्कालीन प्रमुख तिमल्सेनासहित लालबन्दी नगरपालिका–१६ को डिम जनता माविका तत्कालीन प्रधानाध्यापक नारायण प्रसाद बराल र हरिपुर्वा नगरपालिका–५ स्थित केश्वर गरिब जनता माविका शिक्षक पाँचु रायविरुद्ध आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको थियो । तर विशेष अदालतले उनीहरु तीनै जनालाई सफाइ दिएको छ ।
उच्चमाध्यमिक शिक्षक अनुदान कोटामा नियुक्त नै नभएका रायलाई नियुक्ति दिइएको, हाजिरी रेकर्डलगायत अभिलेखविना शिक्षक सरुवा गर्ने अधिकारीको निर्णय नै नगराई जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन उपजिल्ला शिक्षा अधिकारी तिमल्सेनासहित बराल र रायविरुद्ध मुद्दा दायर भएको थियो ।
जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन उपजिल्ला शिक्षा अधिकारी तिमल्सेनाले रायलाई हरिपुर्वा नगरपालिका–५ स्थित केश्वर गरिब जनता माविको तत्कालीन उच्चमाध्यमिक शिक्षक अनुदान कोटामा सरुवा गर्न नक्कली लिखत बनाएर सरुवा गरेको आयोगले जनाएको छ । उनीहरुले शिक्षक रायलाई हरिपुर्वा नगरपालिका–५ स्थित केश्वर गरिब जनता माविको उमावि शिक्षक अनुदान कोटामा सरुवा गर्न लालबन्दी नगरपालिका–१६ स्थित परवानीपुरमा रहेको डिम जनता मावि परवानीपुरको निर्णयानुसार भनी अर्थशास्त्र विषयमा करार नियुक्त गरेको भनी नक्कली लिखत तयार पारेका थिए र उनीहरु तीनजनालाई प्रतिवादी बनाई अख्तियारले मुद्दा दायर गरेको अख्यितार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि

बाँकी पृष्ठ २ मा

## बेरुजु अध्ययन गर्न उपसमिति बनाइने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा देखिएको बेरुजु र त्यसलाई घटाउन अध्ययन गर्न उपसमिति बनाउने सहमति भएको छ ।
मधेश प्रदेशको सार्वजनिक लेखा समितिको बैठकले मधेश प्रदेशमा देखिएको बेरुजु अध्ययन गर्न प्रत्येक मन्त्रालयअन्र्तगत अध्ययन गर्न उपसमिति बनाउने र उपसमितिले आफ्नो प्रतिवेदन दिएपछि त्यसलाई समितिको बैठकमा राख्ने सहमति भएको छ ।
लेखा समितिका सभापति मञ्जुकुमारी थापा मगरले समितिको बैठकमा उपसमिति बनाउने सहमति भएको र बिहीबार बस्ने बैठकले उपसमितिलाई पूर्णता दिइने जानकारी दिइन । उनले बिहीबार ११ बजे बैठक बसेर हरेक मन्त्रालयको बेरुजु अध्ययनका लागि उपसमिति बनाउने निर्णय गरिएको जानकारी दिइन् ।

## जसपाको बैठक जारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय राजनीतिक समितिको बैठक बुधबार ललितपुरमा सुरु भएको छ । बैठक बिहीबार पनि चल्नेछ ।
बिहीबारको बैठकमा पार्टीका तर्फबाट राजनीतिक र सांगठनिक प्रतिवेदन पेश भएको छ भने केन्द्रीय नेताहरुले बोल्ने क्रम जारी छ ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बचन निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

परवानीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा, मधेश प्रदेश



**हिँडेरै अयोध्याः** भारत, उत्तर प्रदेश राज्यस्थित राम भगवानको जन्मभूमि अयोध्यामा निर्माण भइरहेको श्रीराम मन्दिरमा पूजा गर्ने अठोटका साथ वीरगंज–१६, इनर्वा टोलका युवक सुहेल राज यादव र राकेश यादव १० दिन पुसको कटठ्यांग्रिदो जाडोमा पैदल यात्रामार्फत पुग्ने गरी प्रस्थान गरेका छन् । तस्बिरः मधेशदृष्टि

# दूतावास परिसरमा 'हिन्दी कवि सम्मेलन'

**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व हिन्दी दिवसको उपलक्ष्यमा वीरगंज स्थित भारतीय महावाणिज्य दूतावासले 'हिन्दी कवि सम्मेलनको आयोजना गरेको छ । दूतावस परिसरमा बुधबार आयोजित सम्मेलनमा रक्सौलका डॉ० हरेन्द्र हिमकर, नेपाल हिन्दी साहित्य परिषद, वीरगंजका अध्यक्ष सतीश चन्द्र सजल, कोषाध्यक्ष ऋतु राज, श्रीमती पिंकी मित्तल, हिन्दी अध्यापिका, ज्ञानदा अकादमीकी हिन्दी प्रध्यापिका पिंकी मित्तल, दिल्ली पब्लिक स्कूलकी हिन्दी प्रध्यापिका सीमा कर्ण, अस्मिता पटेल, सुश्री प्रिया मिश्रलगायतले आ–आफ्नो कविता वाचनले सम्मेलनलाई



रमाइलो बनाएका थिए । सहभागिहरुले स्थानीय क्षेत्रमा हिन्दीको महत्व र प्रभावबारे आफ्नो धारणा राखेका थिए । साथै उनीहरुले हिन्दी आम जनताको सञ्चारको भाषा भएकोमा जोड दिएका थिए । सम्मेलनलाई सम्बोधन गर्दै महावाणिज्य दुत डी.एस. मीनाले हिन्दीको महत्व र हिन्दी भाषाको प्रभाव बढ्नुमा भारत सरकारको योगदान रहेको उल्लेख गरे । महावाणिज्य दुत मीनाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व हिन्दी दिवसको अवसरमा दिएको शुभकामना सन्देश वाचन गरेका थिए । कार्यक्रममा नेपालको परराष्ट्र मंत्रालयका वीरगंज स्थित संपर्क कार्यालयका मुख्य सम्पर्क अधिकारी, वीरगंज उद्योग वाणिज्य संघका सदस्य, वरिष्ठ पत्रकार, मधेश विश्वविद्यालयका उपकुलपति तथा कुलसचिवलगायत वीरगंज र रक्सौलका लेखक, कवि, साहित्यकारहरुको उपस्थिति रहेको थियो ।

# 'तपस्वी' बम्जनको ऐयासी जीवन

## धर्मको आडमा अपराध गरेको अभियोग, बम्जन सिआइबीको थुनामा

### बम्जनको घरबाट के के बरामद भयो ?

- ३ करोड ३ लाखबढी नेपाली रुपैयाँ
- १७ देशको ३० लाख विदेशी मुद्रा
- पेनड्राईभः २० थान
- मोबाइलः १४ थान
- ल्यापटपः २ थान,
- आइप्याडः ५ थान

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले रामबहादुर बम्जन भन्ने रामलाल बम्जनलाई बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ ।
मंगलबार साँझ पक्राउ परेका बाराको निजगढस्थित रतनपुरी स्थायी घर भएका ३४ वर्षीय बम्जनलाई सिआईबीले बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो । पत्रकार सम्मेलनमा सिआईबी प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले चार तला माथिबाट हाम्फालेर भाग्न खोजेका बेला बम्जनलाई काठमाडौँको बूढानीलकण्ठस्थित आफ्नै घरबाट मंगलबार साँझ पक्राउ गरिएको जानकारी दिए । उनका अनुसार निजको साथबाट तीस लाख ९२ हजार नेपाली रुपैयाँ बराबरका विभिन्न १७ देशका मुद्राका साथै रु तीन करोड तीन लाख ७५ हजार बरामद गरिएको छ ।
निजविरुद्ध यौन सन्तुष्टी प्राप्त गर्ने तथा बालयौन शोषण तथा व्यक्ति बेपत्ता गरेको आरोपमा जाहेरी दर्ता भएको थियो । विसं २०७१ साउनदेखि बाराको हलखोरियामा रामबहादुर बम्जनको आश्रममा आनीको रूपमा रहेकी २२ वर्षीया महिलाको जाहेरीका आधारमा सर्लाही जिल्ला अदालतबाट विसं २०७६ माघ २३ गते प्रहरीलाई पक्राउ अनुमति प्राप्त भएको थियो ।
साथै अवैधरुपमा विदेशी तथा नेपाली मुद्रा सञ्चित गरी राखेको छन् भन्ने सूचनाका आधारमा



बम्जनको खोजतलास गरी पक्राउ गर्न अनुमति प्राप्त भएको सिआईबीले जानकारी दिएको छ ।
लामो समयको खोजतलासपछि काठमाडौँको बूढानीलकण्ठ नगरपालिका–६ रहेको आफ्नै घरमा लुकिछिपी बस्दै आएका बम्जनलाई मंगलबार साँझ पक्राउ गरिएको थियो । 'पक्राउ गर्ने क्रममा घरको चौथो तलामा रहेको दक्षिणतर्फ झ्यालबाट खाली रहेको भिरालो जमिनमा हाम्फालेर भाग्न लागेका बेला ब्यूरोको टोलीले निजलाई पक्राउ गरेको हो', सिआईबीका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकरीले भने । निजको साथबाट १४ थान मोबाइल, चार थान ल्यापटप र ट्याब, बीस वटा पेन ड्राइभ, रेकर्डर, मेमोरी कार्डलगायतका विद्युतीय सामग्री बरामद गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । बम्जनको आश्रमबाट बेपत्ता भएका व्यक्तिहरुको हकमा भने अनुसन्धान जारी रहेको सिआइबीले जनाएको छ ।

# गाँजा मिसाई केक तथा कुकिज तयार गर्ने पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
अवैध लागुऔषध गाँजा मिसाइ केक तथा कुकिज कारोबारमा संलग्न दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।
नेपाल प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले शुरु गरेको 'अपरेशन केक' अन्तर्गत प्रहरीले दुई जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका–१७ सोह्रखुट्टे बस्ने २६ वर्षीय मोहमद फाजिल र दक्षिणकाली नगरपालिका–३ घर भई ललितपुर महानगरपालिका–१३ बस्ने २७ वर्षीय शालोम सादा लेप्चा जैसी रहेका छन् ।
ब्यूरोका प्रहरी उपरीक्षक चक्रराज जोशीका अनुसार यसअघि पुस २२ गते काठमाडौँमा विशन मानन्धर पक्राउ पनि परेका थिए ।
ब्यूरोले टोली परिचालन गरी मङ्गलबार थप दुई जनालाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो ।
दुवैजनाले ललितपुरको एकान्तकुनामा घर भाडामा लिई केक र कुकिजमा गाँजा मिसाएर कारोबार गर्ने गरेको पाइएको प्रहरी उपरीक्षक जोशीले बताए । प्रहरीले उनीहरुको कोठाबाट एक किलो एक सय ग्राम गाँजा, एक किलो पाँच सय ६८ किलो डाँठसहितको गाँजा, बिक्री गर्न राखेको एक किलो नौ सय ग्राम केक, एक थान माइक्रोओभन, नौ सय ग्राम बटर तथा एक किलो तीन सय ग्राम कुकिज बरामद गरेको छ । फाजिल र जैसीले एक वर्षदेखि घर भाडामा लिई स्वीट बेकरी खोलेर गाँजा मिसाएर कुक र बेकरीको अनलाइन व्यापार गर्दै आएको अनुसन्धानका क्रममा खुलेको छ ।

# क्रिकेटर सन्दीप लामिछानेलाई ...

गरे । न्यायको माग गर्दै उच्च अदालत जाने अधिकार आफूहरुलाई सुरक्षित रहेको उनको भनाइ थियो ।
फैसलाको पूर्णपाठ आएपछि उनले कारागार बाहिरै बसेर मुद्दामा पुनरावेदन गर्न पाउँ भनी उच्च अदालतमा निवेदन दिनसक्ने कानुनी व्यवस्था छ ।
मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा १३७ मा कसुरदारले माथिल्लो अदालतमा पुनरावेदन गर्न पाउने र नपाउने अवस्थाबारे व्याख्या छ । जन्मकैद पाएको व्यक्ति, १० वर्षभन्दा बढी सजाय पाएको व्यक्ति र संहिताको अनुसूची १ र २ मा समावेश भएका र ३ वर्षभन्दा बढी कैद सजाय पाएको अपराधमा संलग्न व्यक्ति थुनामा रहेर मुद्दाको पुनरावेदन गर्न पाउने व्यवस्था छ । पुस १३ गते जिल्ला अदालत काठमाडौँले लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गरेको थियो । तीन वर्षभन्दा भन्दा बढी कैद सजाय हुने कसुरमा सजाय निर्धारणका लागि छुट्टै इजलास बस्नुपर्ने कानुनी व्यवस्थाअनुसार बुधबारका लागि मिति तोकिएको थियो । २०७५ भदो ५ गते बन्द प्रशिक्षणमा रहेका बेला क्रिकेटर लामिछाने ताहाचलस्थित हायात प्यालेस होटलबाट निस्केर पीडित (गौशाला–२६)लाई भेटेका थिए । सन्दीपले पीडितलाई नगरकोट घुमाएर फर्किएपछि सिनामंगलस्थित होटलमा बास बसेको र त्यसक्रममा बलात्कार गरेको भन्दै पीडित गौशाला–२६ ले जाहेरी दिएकी थिइन् । उजुरी परेका बेला केन्यामा रहेका उनी आफूविरुद्ध प्रहरीले इन्टरपोलमा डिफ्युजन नोटिस जारी गरेपछि नेपाल फर्किएका थिए । जिल्ला अदालतको आदेशपछि पुर्पक्षका लागि थुनामा पठाइएका लामिछानेलाई गतवर्ष पुसमा उच्च अदालत पाटनले २० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेको थियो । उच्च अदालतले विदेश जान रोक लगाएकामा सर्वोच्च अदालतले भने उनलाई विदेश जान पाउने आदेश दिएको थियो ।

# आर्थिक चलखेलमा ...

घिमिरेले जानकारी दिए ।
उनका अनुसार रायले उमावि शिक्षक अनुदान कोटाको शिक्षकको पदमा कार्यरत रही सोही ओहोदाबाट २०७४ को निर्वाचनमा मतदान अधिकृतको समेत काम गरेको नक्कली कागजात बनाएका थिए ।
२०७४ को घटना के थियो ?
२०७४ जेठ ४ गते बिहीबार बिहान करिब ९ बजे जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन प्रमुख उपसचिव तिमल्सेना र रामहरि रिजालसहित चार जनालाई चार लाख रुपैयाँ घुस रकमसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासको टोलीले रंगेहात पक्राउ गरेको थियो । लालबन्दी नगरपालिका–९ स्थित जनज्योति माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईन्द्रप्रसाद न्यौपाने र सोही विद्यालयका प्रधानाध्यापक विष्णुबहादुर पोखरेलसमेतले विद्यालयमा कोटा दरबन्दीमा शिक्षक नियुक्त गर्दा चार लाख रुपैयाँ घुस लिँदै गर्दा आयोगले रंगेहात पक्राउ गरेको हो ।
उनीहरुलाई लालबन्दी नगरपालिका–७ स्थित नमस्ते होटल एण्ड गेष्ट हाउसबाट रंगेहात पक्राउ गरी आयोगले उनीहरुविरुद्ध सिनं ५३ को २०७४ असार १ गतेको आयोगको निर्णय र २०७४ असार ५ गते आरोपपत्र दायर गरेको थियो । आयोगका अनुसार घुस (रिसवत) लिइरहेको अवस्थामा रंगेहात पक्राउ गरी अनुसन्धान गर्दा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा (३) को उप दफा(१) बमोजिम कसुर गरेको पुष्टि हुने र सोही अनुसार कार्बाही हुने प्रावधान छ ।
आयोगको ऐनमा यस्ता कार्यमा मतियार भई काम गर्ने राष्ट्रसेवक कर्मचारीको हकमा आयोगको दफा (२२)अनुसार कारबाही हुने व्यवस्था भए पनि तिमल्सेनाले पटकपटक उन्मुक्ति पाउँदै आएका छन् ।
ठूलो आर्थिक चलखेल गरेर पटकपटक अख्तियार र विशेष अदालतमा पनि सेटिङ मिलाएर उपसचिव तिमल्सेना उन्मुक्ति पाउन सफल भएको स्रोतको दाबी छ । लालबन्दी नगरपालिका–७ नै घर भएका तिमल्सेना विशेष अदालतमा पटकपटक पुगेका भए पनि उनैलाई कुनै समय लालबन्दी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत बनाएर तालाचाबी सुम्पिएको पाइएको छ भने अब पनि फेरि लालबन्दी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत बन्ने दाउमा लागेका छन् ।

# एक लाख ४० हजारले लगाए दादुरा रुबेलाविरुद्धको खोप

**रासस**
**जाजरकोट ।**
भूकम्प प्रभावित क्षेत्रमा सरकारले सञ्चालन गरेको दादुरा/रुबेला र टाइफाइडविरुद्धको खोप कार्यक्रम अन्तर्गत जाजरकोटमा एक लाख ४० हजार आठ सय ९१ जनाले खोप लगाएका छन् । यही पुस ४ देखि १४ सम्म सञ्चालन गरिएको खोप अभियानअन्तर्गत छ महिनादेखि १५ वर्षसम्मका ६८ हजार तीन सय ४४ बालबालिकाले दादुरा–रुवेला खोप लगाएका छन् । त्यस्तै १६ देखि ४५ वर्षसम्मका ७२ हजार पाँच सय ४७ जनाले टाइफाइडविरुद्धको खोप लगाएको स्वास्थ्य सेवा कार्यालय जाजरकोटका कोल्डचेन सुपरभाइजर शान्तबहादुर बुढाथोकीले जानकारी दिए ।
उनकाअनुसार दादुरा–रुवेला खोप ९९ प्रतिशत र टाइफाइड ८८ प्रतिशत खोपको पहुँच पुगेको छ । जिल्लाका चार सय ८० खोप केन्द्रबाट खोप सञ्चालन गरिएको थियो ।
आपत्कालीन अवस्थामा श्वासप्रश्वास, दुषित पिउने पानी र विभिन्न खानेकुराबाट सर्ने रोग फैलिन सक्ने जोखिमलाई कम गर्न सरकारले भूकम्प प्रभावित जाजरकोट, रुकुमपश्चिमलगायत आसपासका सुर्खेत, सल्यान, दैलेख, कालिकोट र जुम्ला जिल्लामा दादुरा–रुवेला र टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गरेको हो ।
सामान्य अवस्थामा दादुराको समस्या फैलिएमा मृत्युदर एक प्रतिशत रहने र विपद्का बेला दादुराको महामारी फैलिएमा ३० प्रतिशतसम्म रहने भएकाले पनि खोप अभियान सञ्चालन गरिएको उनको भनाइ छ ।
राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भूकम्प प्रभावित र आसपासका जिल्लामा दादुरा–रुवेला र टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गरेको उनको भनाइ छ । गत वर्ष जाजरकोटमा दादुराको सङ्क्रमण देखापरेको जानकारी गराउँदै स्वास्थ्य सेवा विभागअन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले हरेक पाँच–पाँच वर्षमा दादुरा–रुवेलाविरुद्धको खोप अभियान सञ्चालन गरिरहेको सरकारले भूकम्प प्रभावित र आसपासका जिल्लामा पाँच वर्ष नपुग्दै दादुरा–रुवेला र टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गरेको जानकारी दिए । दुरा–रुवेला, टाइफाइडजस्ता समस्यालाई फैलिन नदिन निश्चित गरिएका उमेर समूहका ९५ प्रतिशतले खोप लगाएको हुनुपर्ने डा गौतमको भनाइ छ । स्वास्थ्य सेवा कार्यालयका अनुसार छ महिनादेखि १५ वर्षसम्मका एक लाख ५० हजार र १६ वर्षदेखि ४५ वर्षसम्मको लक्षित जनसङ्ख्या छ लाख ५० हजार रहेको छ । जाजरकोटमा मात्र छ महिनादेखि १५ वर्षसम्मको लक्षित जनसङ्ख्या ६८ हजार नौ सय १९ र १६ वर्षदेखि ४५ वर्षसम्मका ८६ हजार छ सय ३६ जना छन् ।

# 'राष्ट्रिय सुरक्षा नीतिसम्बन्धी जिम्मेवारीमा अपनत्व होस्'

**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले राष्ट्रिय सुरक्षा नीति नेपालको भौगोलिक अखण्डता, स्वतन्त्रता, सार्वभौमसत्ता, नेपाली माटो, नेपाली जनताको जीवन सुरक्षासँग सम्बन्धित महत्वपूर्ण र संवेदनशील विषय भएकाले आ–आफ्नो जिम्मेवारीमा परेका क्रियाकलापलाई कार्यान्वयन गर्न निर्देशन दिएका छन् ।
राष्ट्रिय सुरक्षा नीति–२०७५ कार्यान्वयन एकीकृत कार्ययोजना, २०७७ को प्रगति समीक्षामा उपप्रधानमन्त्री खड्काले सबै मन्त्रालय, नेपाली सेना, अरु सुरक्षा निकाय तथा सरोकारवाला निकाय सबैले पूर्ण स्वामित्व र अपनत्व लिई गम्भीरताका साथ जिम्मेवारी पूरा गर्न सुझाव दिए । उक्त कार्ययोजना कार्यान्वयनमा देखिएका समस्या तथा सम्बोधन गर्नुपर्ने विषय एक हप्ताभित्र उपलब्ध गराउन उनले ध्यानाकर्षण गराए ।
समीक्षामा राष्ट्रिय सुरक्षा सल्लाहकार शङ्करदास बैरागीले राष्ट्रिय सुरक्षा नीतिले राष्ट्र र जनतालाई बलियो बनाउने भएकाले नेपाल सरकारका अरू नीति यो नीतिसँग सामञ्जस्य हुने गरी तर्जुमा तथा कार्यान्वयन हुनुपर्ने औँल्याए ।
प्रधानसेनापति प्रभुराम शर्माले राष्ट्रिय सुरक्षा नीति रक्षा मन्त्रालय तथा नेपाली सेनाको मात्र विषय नभएर सबै मन्त्रालय तथा निकायको साझा जिम्मेवारीको विषय भएकाले सबैको सहयोग र समन्वयमा प्रभावकारी कार्यान्वयनमा जोड दिए । रक्षा मन्त्रालयका निमित्त सचिव बाबुराम अधिकारीको अध्यक्षतामा बसेको उक्त बैठकमा विभिन्न मन्त्रालयका सचिव, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलगायत विभिन्न मन्त्रालय तथा निकायका सुरक्षा नीति कार्यान्वयनसम्बद्ध श्रोत व्यक्ति सहभागी थिए ।

# रौतहट प्रहरीद्वारा १७ गाई गोरु नियन्त्रणमा



**मधेशदृष्टि**
**रौतहट ।**
तस्करले रौतहटबाट भारत तर्फ लैजाँदै गरेको १७ गाई गोरु प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला सदरुकाम गौर नगरपालिका वडा नम्बर २ स्थित प्रहरी चौकी महादेवपट्टीबाट खटिएको प्रहरीको गस्ती टोलीले भारततर्फ लैजादै गरेको अवस्थामा १७ गाई गोरु नियन्त्रणमा लिएको हो ।

तस्करहरु प्रहरीलाई देखेर फरार भएपछि उक्त स्थान बाट गाई १० वटा , गोरु एक वटा र बाछी ६ वटा गरी १७ थान बरामद गरेको जिल्ला प्रहरी प्रमुख एसपी महेन्द्र कुमार श्रेष्ठले जानकारी दिए । कुल एक लाख ९६ हजार रुपैयाँ मूल्याङ्कन गरी बरामद गाई, गोरु र बाछी आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# अवैध रुपमा ल्याइएका कुखुराका चल्ला नष्ट



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले भारतबाट अवैध रुपमा ल्याउन लागिएको चार हजार दुई सय कुखुराका चल्ला नियन्त्रणमा लिएर नष्ट गरेको छ । भारतीय बोइलर कुखुराको चल्ला पैठारी गर्ने कार्य नियन्त्रण तथा निरुत्साहित गर्नको लागि जिल्ला प्रहरी कार्यालय पर्साबाट थालनी गरिएको विशेष अभियान अन्तर्गत अवैध रुपमा तस्करहरुले भारतीय कुखुराको चल्ला भन्सार छली चोरी पैठारी गरी क्वारेन्टाईनको चेकजाँच समेत नगराई लुकाई छिपाई नेपाल तर्फ भित्राउँदै गरेको अवस्थामा बुधबार बिहान वीरगंज महानगरपालिका वडा नम्बर २१ डकैलाबहुअरी स्थित सडकखण्डबाट नियन्त्रणमा लिएको थियो । ना.६ प ७६७२ र नम्बर उल्लेख नभएको दुई वटा मोटरसाईकलमा ल्याइएका चार हजार दुई सय कुखुराका चल्ला नियन्त्रणमा लिएको थियो । प्रहरी टोलीलाई देख्नासाथ तस्करले कुखुराको चल्ला छाडी भागेर फरार भएकोले वेवारिसे अवस्थामा बरामद चल्लाहरुलाई बुधबार नै पशु क्वारेन्टाइन चेक पोष्ट सिर्सियामार्फत वीरगंज महानगरपालिका वडा नम्बर १९ तिलावे खोलाको बगरमा लगी नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी कुमार विक्रम थापाले जानकारी दिए ।

यस अघि मंगलबार पनि पर्सा प्रहरीले दुई थान भारतीय मोटर साईकल सहित तीन हजार आठ सय कुखुराका चल्ला नियन्त्रणमा लिएर नष्ट गरेको थियो ।




# भासिएको कमला पुलको पुनः निर्माण गरिने



**रासस**
**सिरहा ।**
हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीको भासिएको पुलको पुनःनिर्माणको कार्य आगामी माघ २ गतेदेखि सुरु हुने भएको छ । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुर र पुल निर्माण कम्पनी 'लुम्बिनी बिल्डर्स'बीच मङ्गलबार आगामी असार अगावै पुलको सञ्चालन गर्ने गरी कार्ययोजना सम्झौता भएको हो । सम्झौताअनुसार भासिएको कमला पुलको पुनः निर्माणको काम तीव्रताका साथ हुने निर्देशनालयका योजना प्रमुख कृष्णकुमार महतोले जानकारी दिए । 'पुल पुनः निर्माणमा विविध समस्या थिए, हामीले निर्माण कम्पनीसँग बसेर कार्ययोजना बनाएका छौँ', प्रमुख महतोले भने, 'सोही कार्ययोजना अनुसार तोकिएकै समयमा पुलको बाँकी निर्माण कार्य सम्पन्न हुन्छ ।' कमला पुल निर्माण कम्पनीका 'साइट इन्चार्ज' सुदीप थापाका अनुसार वर्षा सुरु भएसँगै रोकिएको पुल पुनः निर्माणको काम गत मंसिरबाटै सुरु भए पनि आर्थिक सङ्कटका कारण सुस्त रहेको थियो । 'भासिएको ठाउँमा दुई पायल राखेरी फाउन्डेसन र पाइलिङ्गो काम भइरहेको छ, बीमाबाट प्राप्त गर्नुपर्ने रकम रोकिएकाले आर्थिक सङ्कट हुन गई निर्माण कार्य ढिला हुन गयो', थापाले भने, 'अब यो कार्ययोजना सम्झौताले पुल पुनः निर्माणमा तीव्रता दिने विश्वास लिएको छु ।' विसं २०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने गरि निर्माण कम्पनी 'पप्पु कन्स्ट्रक्सन' सँग सम्झौता गरिएको थियो । पटक–पटक म्याद थपेर करिब १० वर्षपछि ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भई उद्घाटनको तयारी गरिरहेकै बेला विसं २०७८ असार र कात्तिकमा आएको बाढीले पुल भासिएपछि निर्माणको काम तत्काललाई अनिश्चित भएको थियो । पुल निर्माणमा कम्पनीको लापरबाही देखिएपछि निर्माण कम्पनी 'पप्पु कन्स्ट्रक्सन' लाई हटाएर 'लुम्बिनी बिल्डर्स'लाई काम सम्पन्न गर्ने जिम्मेवारी दिइएको थियो । यही बीचमा विसं २०७९ चैत १५ गते भौतिक पूर्वाधार तथा यातायातमन्त्री रहेका बेला वर्तमान उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले प्राविधिक टोलीसहित स्थलगत निरीक्षणपछि एक सातामा पुलको पुनः निर्माण कार्य सुरु गर्न निर्माण कम्पनीलाई निर्देशन दिएका थिए । मन्त्री श्रेष्ठको निर्देशनपछि निर्माण कम्पनीले आगामी चैत मसान्तसम्म भासिएको पुल पुनःनिर्माण गर्ने गरी काम सुरु गरेको थियो । कमला नदीमा बढेको पानीको बहावका कारण पुल पुनः निर्माणको काम असार नलाग्दै रोकिएको थियो । तराई मधेसको 'लाइफ लाइन'का रुपमा हेरिएको हुलाकी लोकमार्ग मधेस प्रदेशको राजधानी जनकपुरधामसँग जोड्ने छोटो दूरीको राष्ट्रिय गौरवको आयोजना हो । यस लोकमार्ग अन्त्रगत कमला पुल समयमा नबन्दा वर्षौंदेखि स्थानीय सास्ती खेप्न बाध्य छन् ।

# 'नमूना संयुक्त राष्ट्रसंघीय सम्मेलन' सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
अमेरिकी दुतावासको आर्थिक सहयोग तथा वैचारिक युवा समाजको आयोजनामा वीरगंजमा 'नमूना संयुक्त राष्ट्रसंघीय सम्मेलन' सम्पन्न भएको छ । मधेश प्रदेशका युवाहरुलाई लक्षित गर्दै आयोजित नमूना संयुक्त राष्ट्रसंघीय सम्मेलनको तेस्रो संस्करण वीरगंजमा सम्पन्न भएको हो ।

सम्मेलनको उद्घाटन गर्दै वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले युवा जनशक्तिलाई स्वदेशमै रोजगार दिएर देशको समृद्धिको अभियानमा लगाउनु पर्ने कुरामा जोड दिए । सम्मेलनमा सहभागी १८ देखि ३० वर्ष उमेर समूहका ४९ जना युवाहरुले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दामा आधारित रहेर बहस तथा छलफल गरेका थिए । पहिलो समिति एसओसिएचयुएमले बाल तथा जबरजस्ती विवाह सम्बन्धी सामाजिक एवम् सांस्कृतिक मुद्दामा छलफल गरेको थियो ।

दोस्रो समिति युनिसेफले गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने विषयका विविध आयामका बारेमा अर्थपूर्ण छलफल गरेको कार्यक्रम संयोजक वैचारिक युवा समाजले जनाएको छ । सम्मेलनमा सहभागी युवाहरुलाई विभिन्न देशको प्रतिनिधि बनाइएको थियो । प्रतिनिधिहरुले



विभिन्न विषयमा आ–आफ्नो धारणा राख्नुका साथै वैचारिक बहस, कुटनीतिक वार्ता तथा मस्यौदाका प्रस्तावहरु प्रस्तुत गरेका थिए ।

सम्मेलनले उठाएका समस्या विश्वव्यापी प्रकृतिको भएपनी यसले मधेश प्रदेशको सामाजिक स्तम्भहरुमा असर पारेको हुनाले समाजको पुनःसंरचनाको दियो बालेको आयोजक समितिले जनाएको छ ।

कार्यक्रममा मधेश विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. दीपक शाक्यले युवाको व्यक्तित्व तथा नेतृत्व विकासका लागि यस्ता कार्यक्रम उपयोगी हुने विश्वास व्यक्त गरे ।

महिला उद्यमी चञ्चला दासले पनि सम्मेलनलाई निरन्तरता दिएर आगामी दिनमा अरु छुटेका युवालाई पनि समावेश गराउन आग्रह गरिन् ।

सम्मेलनले मधेश प्रदेशको शैक्षिक गुणस्तरीयता र युवा जागरणको पहलमा सकारात्मक उपलब्धी हासिल भएको वैचारिक युवा समाजका दिलिप कुमार हजराले बताए । सम्मेलनबाट केही प्रतिनिधि छनौट गरेर अन्तर्राष्ट्रियस्तरको सम्मेलनमा सहभागी गराइने हजराले जानकारी दिए । उनकाअनुसार वैचारिक युवा समाजले अब कर्णाली प्रदेशमा समेत सम्मेलनको आयोजना गर्ने तयारी गरेको छ ।

# अनाथालयलाई पाँच कठ्ठा जमिन दिए जयसवालले



**मधेशदृष्टि**
**रौतहट ।**
वंशिराम जयसवाल अनाथालय गरुडा वजारमा छ । २०५२ सालदेखि सञ्चालनमा रहेको अनाथालयमा २५ जना अनाथ बालबालिकाहरु | छन् ।

उनीहरु सबैको खाने बस्ने व्यवस्था अनाथालयले नै गर्दै आएको छ । त्यही अनाथालयमा बस्दै आएका छन्, गरुडा नगरपालिका वडा नम्बर ४ बस्ने ८८ वर्षीय वंशिराम जयसवाल पनि । वंशिराम जयसवालले पाँच कठ्ठा जमिन दिएर अनाथालय स्थापना गरेका हुन् । वृद्ध वंशिरामको सेवाभावकै कारण गरुडा बजारको जमिन अनाथालय दिएका हुन् । अनाथालयको भवन निर्माणका लागि संघीय सांसद देवी तिमल्सिनाले पनि सहयोग पुर्याएका थिए ।

अहिले अनाथालयको व्यवस्थापन बारा ईनर्वासिरा घर भएका हाल गरुडा ४ बस्ने भिक्षु कृष्णकुमार सिंहले गर्दै आएका छन् । अनाथालयका अध्यक्ष समेत रहेका सिंहले कोरियाबाट मानव शास्त्र र ईण्डियन फिलोसफी (बौद्ध धर्म)मा विद्यावारिधी गर्दै छन् । सेवाभाव बोकेर सिंहले अनाथालयमा सेवा दिदै आएका छन् ।

# चिसो बढेपछि विद्यालय बन्द



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरी जिल्लामा चिसो बढेपछि यहाँका सामुदायिक विद्यालय बन्द हुन थालेका छन् । चिसो स्याँठ, बाक्लो हुस्सु र शीतलहरले जनजीवन प्रभावित हुन थालेपछि जिल्लाका पालिकाले सामुदायिक विद्यालयले बन्द गर्ने निर्णय गरेका हुन् ।

जिल्ला सदरमुकाम जलेश्वर, मनरासिस्वा , भङ्गहा, गौशाला, बर्दिबास नगरपालिका सहित पिपरा, एकडारा, सोनमा र सम्सी गाउँपालिकाले आफ्ना क्षेत्रका सम्पूर्ण विद्यालय बन्द गरेका छन् । जिल्ला शिक्षा तथा समन्वय एकाइ महोत्तरीका प्रमुख राजदेव यादवले चिसोबाट जनजीवन प्रभावित हुन थालेपछि विद्यालयमा पठनपाठन बन्द गरेको बताए । उनका अनुसार बर्से बिदाबाट कट्टा हुनेगरी चारदेखि आठ दिनसम्मका लागि विद्यालय बन्द भएका हुन् ।

महिला धर्तीमा भगवानको प्रकाश नै हुन्, उनीहरु सिर्जना होइनन् सृष्टिकर्ता हुन्।

–रुमी

## सम्पादकीय

# बम्जनका बेलिविस्तार

*सत्तरीको पूर्वार्धतिर बारामा भगवान बुद्धकै अवतारमा अर्को लिटिल बुद्ध जन्मिएको भनेर निकै चर्चा गरियो । बाराको हलखोरिया जंगलमा तपस्वी, लिटिल बुद्ध, रामबहादुर बम्जन भनिने रामलाल बम्जन ध्यानमा बसे । कैयौँ समय निराहार बसे । उनका आमाको नाम पनि माया थियो भनेर गौतम बुद्धकै रुपमा चर्चा परिचर्चा भयो । यो परिचर्चाले मान्छेहरु उनको दर्शनमा गए । फलफूल व्यापारी, यातायात व्यवसायीलाई निकै राहत भयो । उसो त संकलन भएको पैसा गन्न पनि भ्याइएन कुनै बेला । जोखेर अनुमान गरेर यतिजति भयो भनेर ढुकुटी भर्नेहरु अहिले कता छन्, थाहा छैन ।*

*बम्जनका कारण सुरुमा धार्मिक पर्यटन नै भयो । पछि भने उनका अनेक काण्डहरु आउन थाले । भन्नलाई त यो एउटा मिसन थियो कि बुद्धिज्ममाथि प्रहार निरन्तर भइरह्यो । बुद्ध धर्म सिध्याउने काममा पश्चिमाहरु लागे भनिएको थियो । त्यसमा अलि अलि हिन्दू प्रभावित मिडिया पनि लागे भनेर आलोचना भएकै छ । तर तिनै पश्चिमाहरुले चलाएका ठूला मिडिया हाउसले नै बम्जनका ठूला डकुमेन्ट्री बनाएर प्रसार गरेका थिए । कैयौँ पश्चिमा युवती बम्जनको शिविरमा पसेपछि भने उनी विवादित बन्दै गए । बुद्ध धर्ममाथि प्रहारको योजना नै थियो भने पनि बम्जन र उनको व्यवस्थापनमा जुटेकाहरु संयमित हुनु पर्ने विषय थियो ।*

*पाँच वर्ष नेपाल प्रहरीको अवयवले बम्जनलाई अनुसन्धान गरेर दशीप्रमाणसहित पक्राउ गरेको हो । मणि लामा, राधिका लामाजस्ता मन्त्री हुने अवसर पाएकाहरु पनि बम्जनको संरक्षणमा जुटेका थिए । पुष्पकमल दाहाल नै प्रधानमन्त्री हुँदा गृहमन्त्री रहेका रामबहादुर थापाले यो धार्मिक विषय भएकाले हत्पत्ति हात नहाल्न भनेपछि सुसुप्तरुपमा प्रहरी यसमा लागिरहेको थियो । बारा, मकवानपुर, सर्लाहीका चार जना गायव छन्, जो बम्जनको शिविरमा अनुयायी बनेर गएका थिए । उसो त उनले विभिन्न जिल्ला बसेर शिविर चलाउँदा पनि कुटपिट, बलात्कार, हातपातका घटना बाहिर आएका थिए । परिवारका सदस्यलाई पनि हातपात गर्ने तपस्वीबारे बोल्ने अवस्था थिएन । एउटा ठूलो अन्धभक्त समाज बम्जनसँग थिए ।*

*आक्रमण, ज्यानमाथि दुश्मनी श्वेत कपडाभित्रको आवरणमा लुकेकै थियो । प्रहरीले ३ करोड रुपैयाँ भन्दा नगद, दुई वटा महंगा गाडी, चार वटा मोटरसाइकल, ५ करोड रुपैयाँको गाडी खरिदको योजना, अझ एक महिनाअघि मात्रै सन्तानको बाबु बनेको घटनासहित बम्जनलाई सार्वजनिक गर्दा उनै राधिका लामा बम्जनमाथि अन्याय भयो भनिरहेका छन् । अरु केही पनि यस्तै भनिरहेका छन् ।*

*यी यावत प्रमाणहरु संकलनमा राज्यशक्ति ५ वर्ष खटिनु चानचुने हो र ? होला, अदालत पेश होलान्, अदालतले धरौटीमा छाड्ला । तर एक होइन, दुई होइन, कैयौँको ज्यान गायव छ । बलात्कारलगायतका संगीन अपराधको आरोप छ । अनि तपस्वी भनिएका करोडौँ नगद र सुखसयल, सुत्केरीसहित समातिन्छन् भने के यो कुनै पूर्वाग्रह हुन सक्छ र ? आवेश पोख्न पनि संयमित भएर पोख्दा जनमत हुन्छ, अन्ध समर्थन चैँ आफ्नै प्रगतिका लागि बाधक हुन्छ भन्ने कहिले बुझ्ने समाजले ?*

### लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

### कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# नेपालको अहितमा सम्झौता भएको छैन



“अर्थ मन्त्रालयले आयोजनासँग सम्बन्धित मन्त्रालयको रायका आधारमा यस्तो सहमति दिनसक्ने व्यवस्था छ । अर्थ मन्त्रालयले भारतीय सरकारसमक्ष सहयोग माग गरी पठाउने र यस्ता आयोजना गाउँपालिकामा सञ्चालन हुने भएमा आयोजना सञ्चालन गर्ने निकायले ५ प्रतिशत र नगरपालिकामा सञ्चालन हुने भएमा १० प्रतिशत लागत साझेदारी गर्नुपर्ने जनाइएको छ ।”

**पुष्पकमल दाहाल, प्रधानमन्त्री**

सन् २००३ नोभेम्बर ७ मा साना विकास आयोजनाका नाममा नेपालभित्र तीन करोड रुपैयाँसम्मको लागत भएका आयोजनामा भारतको सहयोग रहने गरी पहिलोपटक सम्झौता भएको थियो। यस्ता आयोजना नेपालका स्थानीय निकाय वा गैरसरकारी संस्था (एनजिओ) ले सञ्चालन गर्ने गरेका थिए। यस्ता आयोजनाका लागि स्थानीय निकाय वा एनजिओले सोझै भारतीय राजदूतावासमा माग गर्ने र दूतावासँग स्थानीय निकाय वा एनजिओले सम्झौता (एमओयु) गर्दै आएका थिए। एमओयुको एकप्रति अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र आयोजनासँग सम्बन्धित मन्त्रालयमा पठाउने गरिएको थियो। सम्झौतालाई सन् २००६ जुन २९ मा नवीकरण गरिएको थियो।

सन् २००८ अगस्त ६ मा कार्यक्रमअन्तर्गत आयोजना सञ्चालन गर्ने रकम बढाएर पाँच करोड रुपैयाँ पु¥याइएको थियो। सन् २००८ अघि त्यस्तो सहयोग खासगरी भौतिक पूर्वाधारसँग सम्बन्धित आयोजनाका लागि उपलब्ध हुने गरेकामा त्यसपछि शिक्षा, स्वास्थ्य जस्ता सामाजिक पूर्वाधारका लागि पनि आयोजना छनौट गर्न सकिने व्यवस्था गरियो। यसअन्तर्गत एक आर्थिक वर्षमा कतिवटा आयोजनाका लागि यस्तो सहयोग उपलब्ध गराउने भन्ने विवरण नेपालस्थित भारतीय राजदूतावासले आर्थिक वर्षको सु ुरुमा नेपाल सरकारलाई बुझाउनुपर्ने प्रावधान बनाइयो । आयोजना सञ्चालन गर्ने स्थानीय निकाय वा एनजीओले सहयोग माग गरेपछि भारतीय राजदूतावासले यस सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था थियो ।

यो सम्झौता सन् २०११ जुलाई २७ र तत्पश्चात् सन् २०१४ अगस्त १३ मा नवीकरण भएको थियो। सन् २०१४ मा सम्झौताको नवीकरण हुँदा यस्तो सहयोग नेपालको प्राथमिकताका क्षेत्रमा उपलब्ध हुनुपर्ने र आगामी तीन वर्षमा मोटामोटी कति सहयोग प्राप्त हुन्छ भन्ने भारतीय पक्षले खुलाउनुपर्ने प्रावधान राखिएको थियो।

सन् २०१७ अगस्त ४ मा यस सम्झौताको नवीकरण गर्नुपर्ने भएता पनि नेपालले नयाँ संविधानअनुरूप कार्यान्वयन विधि बनाउनुपर्ने भएकाले यो सम्झौतालाई पुनरावलोकन गर्नुपर्ने प्रस्ताव भएको थियो। सन् २०१७ डिसेम्बर १७ मा यस्ता आयोजना नेपाल सरकार वा नेपाल सरकारले पहिचान गरेका निकाय (सामान्यतया स्थानीय तह) बाट सञ्चालन हुने र भारत सरकारले उपलब्ध गराउने सहयोग नेपाल सरकारको बजेट प्रणालीभित्रबाट खर्च हुने गरी सम्झौता नवीकरण गरिएको थियो।

सन् २०१८ जुलाई १८ मा यो आयोजना सञ्चालन विधिमा परिवर्तन गरियो। जसअनुसार, यस्ता आयोजना गाउँपालिका वा नगरपालिकाले सञ्चालन गर्ने, भारतीय सरकारको अनुदान सुरुमा नेपाल सरकारको कोषमा जम्मा गर्नुपर्ने र स्थानीय तहले ससर्त अनुदानका रूपमा यो रकम प्राप्त गर्ने, स्थानीय तहले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा आयोजना प्रस्ताव गर्नुपर्नेलगायत व्यवस्था राखिएका थिए।

आयोजना छनौट भइसकेपछि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित स्थानीय तहबीच आयोजना कार्यान्वयन सम्झौता हुने र स्थानीय तहले वार्षिक प्रगति विवरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था भएको थियो।



सन् २०१९ अप्रिल ७ मा स्थानीय तहबाहेक अन्य निकायले यस्ता आयोजना सञ्चालन गर्ने भएमा द्विपक्षीय समझदारीमा गर्न सकिने प्रावधान थप गरियो । साथै साबिकमा जिल्ला विकास समितिबाट सञ्चालन भएका आयोजनाहरू जिल्ला समन्वय समितिले सम्पन्न गर्ने व्यवस्था गरिएको थियो। सन् २०२० जनवरी ७ मा स्थानीय तहबाट प्राप्त आयोजना प्रस्तावका बारेमा नेपाल सरकार र भारत सरकारबीच सहमति भइसकेपछि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भारतीय राजदूतावास र आयोजना सञ्चालन गर्ने निकायबीच त्रिपक्षीय सम्झौता हुने व्यवस्था गरिएको थियो । यस्तो रकम अर्थ मन्त्रालयले स्थानीय तहलाई ससर्त अनुदानका रूपमा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइयो । सरकारी निकायबाहेकका कुनै निकायले यस्ता आयोजना सञ्चालन गर्ने भएमा सम्बन्धित मन्त्रालयको रायका आधारमा अर्थ मन्त्रालयले सहमति दिने व्यवस्था गरिएको थियो।

सन् २०२० अगस्त ६ मा र सन् २०२३ अगस्त २०२३ मा यो सम्झौतालाई ३ वर्ष थप गर्ने गरी नवीकरण गरिएको थियो। भारतसँग पछिल्लो पटक सन् २०२४ जनवरी ४ मा सामुदायिक विकासमा उच्च प्रभाव पार्ने आयोजनासम्बन्धी सम्झौता भएको छ। यस सम्झौताअनुसार प्रतिआयोजना लागत बढीमा २० करोड रुपैयाँ हुने व्यवस्था भएको छ। अहिले भएको सम्झौताअनुसार भौतिक पूर्वाधार तथा सामाजिक पूर्वाधारका आयोजनामा भारतीय सहयोग उपलब्ध हुने जनाइएको छ। यस्ता आयोजनाहरू सरकारी निकाय वा एनजिओबाट सञ्चालन हुनसक्ने भनिएको छ। स्थानीय तहले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् अर्थ मन्त्रालयमा प्रस्ताव गर्ने र अन्य सरकारी निकायले अर्थ मन्त्रालयमा प्रस्ताव गरी पठाउने गरी सम्झौता भएको छ। सरकारी बाहेकका निकायका हकमा ती निकायले अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था राखिएको छ। अर्थ मन्त्रालयले आयोजनासँग सम्बन्धित मन्त्रालयको रायका आधारमा यस्तो सहमति दिनसक्ने व्यवस्था छ। अर्थ मन्त्रालयले भारतीय सरकारसमक्ष सहयोग माग गरी पठाउने र यस्ता आयोजना गाउँपालिकामा सञ्चालन हुने भएमा आयोजना सञ्चालन गर्ने निकायले ५ प्रतिशत र नगरपालिकामा सञ्चालन हुने भएमा १० प्रतिशत लागत साझेदारी गर्नुपर्ने जनाइएको छ। भौतिक पूर्वाधारबाहेकका आयोजनामा भारतीय सहयोग शतप्रतिशत नै हुने गरी सम्झौता गरिएको छ।

यस्ता कार्यक्रम कार्यान्वयनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भारतीय राजदूतावास र आयोजना सञ्चालन गर्ने निकायबीच त्रिपक्षीय सम्झौता हुने जनाइएको छ। गैरसरकारी संस्थाको हकमा समाज कल्याण परिषद्को स्वीकृति आवश्यक पर्नेछ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह, जिल्ला समन्वय अधिकारी, विषय विज्ञ र भारतीय राजदूतावास रहेको आयोजना अनुगमन समिति रहने छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र भारतीय राजदूतावासका प्रतिनिधि रहेको संयन्त्रले आयोजनाको द्वैमासिक प्रगति समीक्षा गर्नेछन्। रासस

# मातृभाषाको समाचार सेवा र औचित्य

• **सिद्धराज राई**

नेपालको संविधान २०७२ ले नेपाल, विविधायुक्त बहुजाति, बहुभाषिक, सांस्कृतिक र बहुधार्मिक देश हो भनेर परिभाषित गरेको छ। संविधानको यही मर्मअनुसार नेपालमा विभिन्न जातजातिको भाषा, संस्कृतिको संरक्षण विकास र उन्नयनमा काम हुँदै आएको छ। संविधानको मर्म र भावनालाई आमसात् गर्ने र त्यसलाई कार्यान्वयन गर्ने दायित्व राज्यका निकायहरुको हो । त्यसैले राष्ट्रिय समाचार समिति (रासस)ले पनि समावेशी चरित्र भएको नेपाली समाजलाई स्वीकार गर्नुपर्ने नैतिक दायित्व रहेको छ। यही कारण रासस स्थापना भएको ६३ वर्ष नयाँ सेवाका रुपमा मातृभाषाको समाचार सेवालाई शुभारम्भ गरेको छ । मातृभाषाको समाचार सेवामा राससले पहिलोपटक अवधी भाषालाई समेटेको छ।

विसं २०१८ फागुन ७ गते स्थापना भएको रासस ६३औँ स्थापना दिवस मनाउने सँघारमा छ। देशमा पञ्चायती व्यवस्थाको अन्त्यपछि २०४६ को जनआन्दोलनबाट पुनःस्थापित प्रजातान्त्रिक व्यवस्थामा राससले थप उन्नति र विकास गर्ने अवसर पाएको हो । विसं २०६२÷६३ को ऐतिहासिक जनआन्दोलन, १० वर्षको सशस्त्र द्वन्द्वपछि भएको बृहत् शान्ति सम्झौताले नेपालमा एउटा नयाँ राजनीतिक परिवर्तन ल्यायो। नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो। यही संविधानकै जगमा उभिएर नेपालमा पहिलो संविधानसभाको निर्वाचन भयो भने नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा लैजाने आधारशिला तयार गरेको हो। यही व्यवस्थाअनुसार राससले हालसम्म निरन्तर समाचार सेवा सञ्चालन गर्दै आएको छ।

प्रारम्भमा राससले नेपाली भाषाबाट समाचार सेवा सुरुआत गरेको हो। सेवालाई विविधीकरण गर्ने क्रममा २०२० फागुन १८ देखि अङ्ग्रेजीमा समाचार बुलेटिन प्रकाशन गर्न थाल्यो। यसबीचमा अन्तर्राष्ट्रिय समाचार, आलेख, तस्बिर, अडियो, भिडियो सेवा सञ्चालन गरे पनि यी सबै नेपाली र अङ्ग्रेजी भाषामा मात्रै थियो । राज्यद्वारा सञ्चालन भएका गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनले धेरै वर्ष अगाडिदेखि नेपाली, अङ्ग्रेजी भाषासँगै मातृभाषामा समाचार प्रकाशन÷प्रसारण र विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् । तर राससले नेपाली र अङ्ग्रेजी भाषाबाहेक अन्य भाषामा समाचार सेवा सञ्चालन गर्न नसकेको तीतो यथार्थ रहेको छ। यही तथ्यलाई मध्यनजर गर्दै राससको वर्तमान व्यवस्थापनले मातृभाषाका समाचार सेवा सञ्चालन गर्ने निर्णय ग¥यो। यही निर्णयलाई कार्यान्वयन गर्न पटकपटक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका मन्त्री, सचिव, सहसचिवहरुसँग औपचारिक र अनौपचारिक छलफल भएका छन् । आर्थिक र नैतिक सहयोगको अपेक्षासहित भएका ती छलफलमा मन्त्रालयबाट सहयोग हुने प्रतिबद्धता प्राप्त भएको छ र आवश्यक प्रक्रिया अगाडि बढेको छ।

मन्त्रालयबाट आउने सहयोग प्रक्रियगत कारणले केही ढिलो हुने अवस्था भएपछि रासस व्यवस्थापनले मातृभाषाका समाचार सेवा सञ्चालनका लागि थप स्रोत पहिचान गरी प्रदेश सरकार र स्थानीय सरकारसँग छलफल अगाडि बढायो । यही सिलसिलामा सबैभन्दा पहिले नेपालगञ्ज उपमहानगरपालिकाले सहकार्य गर्न अग्रसरता देखायो । आवश्यक प्रक्रिया पूरा गरी यही पुस ८ गते अवधी भाषाको समाचार सेवा सञ्चालन गर्न रासस र नेपालगञ्ज उपमहानगरपालिकाबीच सहमतिपत्रमा हस्ताक्षर भएको हो । यही सहमतिअनुसार मातृभाषा समाचार सेवा शुभारम्भ भएको छ। यो कार्यले राससमा एउटा नयाँ इतिहास लेखिएको छ। यो अवसर दिनुहुने नेपालगञ्ज उपमहानगरपालिका परिवारलाई अवधी भाषिक समुदायले सधैँ स्मरण गर्नेछन्। भाषिक समुदायप्रति जिम्मेवार बनेको उपमहानगरपालिका परिवार साँच्चिकै धन्यवादयोग्य छ।

राससले मातृभाषामा आफ्नो सेवा विस्तार गर्दा संविधानमा भएको सङ्घीयता र समावेशीको मर्मलाई समेत आत्मसात् गरेको ठहरिन्छ। अब अन्य मातृभाषाको समाचार सेवाका लागि वीरगञ्ज महानगरपालिका, काठमाडौँ महानगरपालिका, मधेस प्रदेश र बागमती प्रदेश सरकारसँग छलफल अगाडि बढेको छ। यसै आर्थिक वर्षभित्र केही थप भाषामा समाचार सेवा दिने सम्भावना रहेको छ। यसले राससको इतिहासमा थप इँटा थपिने छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा एक सय ४२ जातजाति, एक सय २४ मातृभाषा र १० धर्म रहेका छन् । यी मातृभाषामध्ये एक प्रतिशतभन्दा बढीले बोल्ने भाषा १३ वटा रहेका छन्। मध्यपश्चिम तराईमा बोलिने अवधी भाषा २.९६ प्रतिशत जनसङ्ख्याले बोल्ने गरेको तथ्याङ्क राष्ट्रिय जनगणना २०७८ मा उल्लेख छ। यी तथ्यले नेपाल अल्पसङ्ख्यक समुदायको देश हो भन्ने बुझ्न सकिन्छ। त्यसकारण सबै जाति, समुदाय, भाषाको उन्नति, विकास र संरक्षण गर्ने दायित्व राज्यको हो मातृभाषामा गरिने पत्रकारिता वा सञ्चार कर्म नै मातृभाषा पत्रकारिता हो। नेपालमा राज्यद्वारा सञ्चालित सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित मिडियाले मातृभाषाको पत्रकारिता गरिरहेका छन्। मातृभाषाको विकास र जगेर्न गर्न यिनै मिडियामा काम गर्ने पत्रकार। सञ्चारकर्मीको प्रयास प्रशंसायोग्य रहेको छ। देशभरि खुलेका अधिकांश रेडियो र टेलिभिजनले मातृभाषामा समाचार र कार्यक्रमहरु सञ्चालन गरिरहेका छन्। मातृभाषामा पत्रपत्रिकाहरु समेत प्रकाशित भइरहेका छन्। ती मिडियालाई समाचार सामग्रीको अभाव भएको हामीले प्रत्यक्ष देखेका छौँ र अनुभूति गरेका छौँ। त्यस्ता मिडिया सञ्चालन गर्न र नेपालमा मातृभाषाको पत्रकारितालाई टेवा दिन राससको मातृभाषाको समाचार सेवाले सहयोग पुग्ने अपेक्षा गरेका छौँ.

राससले मातृभाषामा समाचार सम्प्रेषण गरेपछि सम्बद्ध भाषामा प्रकाशन हुने पत्रिका, रेडियो, टेलिभिजन, अनलाइन र अन्य समाचार संस्थालाई सहयोग पुग्न सक्नेछ । मातृभाषामा समाचार सेवा सञ्चालन गरेपछि जनताको तहसम्म सूचना प्रवाहलाई प्रभावकारी बनाउन सकिनेछ । समाचार सेवाले सम्बद्ध भाषाको संरक्षण र विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नेछ।

नेपालमा पछिल्लो दिनमा मातृभाषामा सञ्चालन हुने सञ्चारमाध्यमले जनशक्ति र आर्थिक स्रोतको अभावमा सम्बद्ध भाषामा आवश्यक कन्टेन्ट (प्रकाशन–प्रसारण सामग्री) प्राप्त गर्न नसक्दा ठूलो समस्या भोगिरहेका छन्। फलतः ती सञ्चारमाध्यम कि त अत्यन्त समस्यामा छन् र बन्द हुने अवस्थामा छन् कि त बन्द भइसकेका छन् । राससले सम्बद्ध भाषामै सामग्री उपलब्ध गराउन सकेका खण्डमा सम्बन्धत भाषी सञ्चारमाध्यमले भोग्ने यस्ता समस्यालाई केही हदसम्म अन्त्य गर्न सहयोग पुग्नेछ । राससले मातृभाषामा आफ्नो सेवा विस्तार गर्दा संविधानको सङ्घीयता र समावेशीको मर्मलाई समेत आत्मसात् गरेको ठहरिन्छ। सङ्घीयता र समावेशिता कार्यान्वयन गर्नु राज्यको दायित्व हो। त्यसैले र राससले प्रारम्भ गरेको मातृभाषा समाचार सेवालाई राज्य सञ्चालन गरिरहेको सरकारकै कार्यक्रमका रुपमा लिइनुपर्छ।

आज नयाँ प्रविधिले पत्रकारिता गरिरहेका पत्रकार र संस्थालाई चुनौती दिइरहेको अवस्था छ । पत्रकारिता नयाँ स्वरुपमा अगाडि बढिरहेको २१औँ शताब्दीमा राससले पनि नवीनतम् सोचका साथ काम गर्नुपर्ने बाध्यात्मक परिस्थिति रहेको छ। विश्वस्तरीय समाचार एजेन्सीका रुपमा विकसित गरी विश्वका अन्य समाचार एजेन्सीसँगको प्रतिस्पर्धाका लागि तयार रहनु राससका लागि अपरिहार्य छ । त्यसैले राससलाई यथास्थितिबाट अगाडि बढाउनुको विकल्प छैन। राससलाई अगाडि बढाउने कार्यमा मातृभाषाको समाचार सेवाले नयाँ आयम थपेको छभन्दा फरक पर्दैन।

राससले मातृभाषामा समाचार सेवा प्रारम्भ गर्नुको देशको जातीय र भाषिक विविधतासँगै मिडिया बहुलवादबाट स्वीकारसमेत गरेको छ । मिडियाको विषय र सन्दर्भ मात्रै विविधता छ भन्ने बुझाइलाई फराकिलो बनाउने क्रममा अब मिडियाको भाषामा पनि विविधता छ भनेर हामीले स्वीकार गरेका हौँ। राससको यो सानो कार्यले भाषा नबुझ्ने भाषिक समुदायलाई आफ्नै सूचना प्राप्त गर्ने अधिकारको सुनिश्चित पनि गरेको हो। यस्तै जनताले आफ्नै भाषामा सूचना प्राप्त गरी विचार निर्माण गर्न पाउने र अभिव्यक्ति गर्ने अवसरका रुपमा पनि यस सेवालाई लिन सकिन्छ।

मातृभाषामा समाचार सेवा सञ्चालन गर्दा सूचना प्रवाहलाई प्रभावकारी बनाउन सकिने र भाषाको संरक्षण र विकासमा प्रभावकारी भूमिका रहनेछ । मातृभाषामा सञ्चालित सञ्चारमाध्यम समाचार सामग्रीको अभावमा सङ्कटग्रस्त बन्न पुगेका बेला राससद्वारा सञ्चालित मातृभाषाका समाचार सेवाबाट त्यस्ता सञ्चारमाध्यम लाभान्वित हुने विश्वास छ । मातृभाषाको संवद्र्धन, संरक्षण र विकासमा पनि राससको उक्त सेवाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने नै छ । सबै प्रदेशको एउटा भाषाको प्रतिनिधित्व हुने गरी मातृभाषाको समाचार सेवा सञ्चालन गर्ने योजनामा रासस अगाडि बढेको छ। यसमा सङ्घीय, प्रदेश र स्थानीय सरकारको सहयोग हुनेछ भन्ने अपेक्षा गरेका छौँ। रासस

# विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्न सुझाव



**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा नेपाल सामुदायिक विद्यालय कर्मचारी सङ्घले देशभरका सामुदायिक विद्यालयमा कार्यरत ४० हजार विद्यालय कर्मचारीलाई सङ्घीय सरकारका दरबन्दीमा राखी सङ्घीय सरकारबाट सेवा सुविधा दिन माग गरेको छ । विद्यालय शिक्षा विधेयकमाथि सरोकार भएका संस्थाका प्रतिनिधिसँग सुझाव लिने क्रममा बुधबार आयोजित बैठकमा सङ्घका अध्यक्ष शशीकुमार केसीले सामुदायिक विद्यालयका कर्मचारीको पद, श्रेणी र तह निर्धारण गरी हालसम्म कार्यरत सबै खालका कर्मचारीको समायोजन गरी प्रक्रिया पूरा गरी स्थायी गरिनुपर्ने माग गरे । विधेयकको दफा १०८ मा 'यो ऐन प्रारम्भ हुँदामा बखतसम्म कार्यरत रहेका विद्यालय कर्मचारी स्वतः दरबन्दीमा समायोजन हुनेछन् र ऐन प्रारम्भ भएपछि विद्यालय कर्मचारीको दरबन्दीको प्रबन्ध गरिने' भनी थप गरिनुपर्ने तथा शिक्षक सेवा आयोगले लिने परीक्षामा कार्यरत कर्मचारी आन्तरिक परीक्षाबाट स्थायी गरिनुपर्ने व्यवस्था राख्न आग्रह गरे । अध्यक्ष केसीले सोही दफामा उपदफा ४ थप गरी सर्वोच्च अदालतको बमोजिमको सर्भिल ल कार्यान्वयन हुने उल्लेख हुनुपर्ने, कार्यालय सहायक (नासु, खरिदार) कुन तह हो भन्ने स्पष्ट हुनुपर्ने, कार्यालय सहयोगीको तह स्पष्ट हुनुपर्ने, उमेर हद पुगेर सेवाबाट अवकाश भएका विद्यालय कर्मचारीको सेवा अवधि गणना गरी उपदानको व्यवस्था हुनुपर्ने र परीक्षा नदिइ अवकाश लिन चाहने वा परीक्षामा अनुत्तीर्ण भएमा उपदानको व्यवस्था गरिनुपर्नेमा जोड दिए । विधेयकको दफा १०९ मा सुविधासहित सेवाबाट बिदा हुने विद्यालय कर्मचारीले सञ्चित, बिरामी, घर बिदा र औषधि उपचार खर्च तथा उपदान बापतको रकम प्रचलित कानुनबमोजिम पाउनेछ भन्ने उल्लेख हुनुपर्ने तथा सोही दफाको १.१. मा थप गरी विद्यालय कर्मचारीलाई हालसम्म कुनै पनि सेवा सुविधा उपलब्ध नभएकाले लामो अवधिदेखि कार्यरत कर्मचारीलाई मर्का पर्न जाने हुँदा २० वर्षे मापदण्ड हटाउनुपर्ने सङ्घको माग रहेको छ । यस्तै विधेयकको दफा २४ को उपदफा ५ मा सार्वजनिक विद्यालयमा विद्यार्थी संख्या र विद्यालयमा सञ्चालित कार्यक्रमका आधारमा विद्यालय कर्मचारीको दरबन्दी रहने उल्लेख हुनुपर्ने माग गरिएको छ ।

# दलहरुले लोकतन्त्रको कमजोरी सच्याउनुपर्छः पोखरेल

**रासस**
**गुल्मी ।**
नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले जनताले रोजेको पार्टी सहज ढङ्गले लोकतन्त्रमा स्थापित हुन सकेमा मात्र लोकतन्त्र बलियो हुने बताएका छन् । एमाले जिल्ला कमिटीद्वारा बुधबार आयोजित जिल्ला प्रशिक्षण कार्यक्रममा उहाँले देशमा राजनीतिक अस्थिरता र सामाजिक अराजकता बढ्दै गएको बताए ।
महासचिव पोखरेलले लोकतन्त्रप्रति जनतामा अनास्था पैदा हुँदै गएको भन्दै दलहरुले लोकतन्त्रको कमजोरीलाई सच्याउने सामथ्र्य निर्माण गर्नुपर्नेमा जोड दिए ।
नेपालको राजनीतिमा राष्ट्र विरोधी र अराजक शक्ति हाबी हुन नदिन सबै मिलेर मुलुकलाई विकास तथा सम्वृद्धिको बाटोमा अघि बढ्नुको विकल्प नरहेको उनले बताए । महासचिव पोखरेलले एमालेमाथि यतिबेला सबैले प्रहार र निशाना बनाउन थालेको आरोप लगाए ।
पार्टी प्रशिक्षण कार्यक्रममा उनले प्रशिक्षण राजनीतिक र सैद्धान्तिक विषयमा मात्र नभइ अब विकास र राजनीतिका प्रश्नमा पनि अगुवा बनेर आफूलाई प्रस्तुत गर्न नेता तथा कार्यकर्तालाई निर्देशन गरे ।
उनले विकास गाउँतिर उकालो लाग्दै गर्दा नागरिक तलतिर झर्ने क्रम बढ्दै गइरहेकामा चिन्ता व्यक्त गर्दै त्यसलाई रोक्न एमालेले 'मिसन ग्रासरुट' अभियान सञ्चालन गरेको बताए । तीन दिनसम्म सञ्चालन हुने उक्त जिल्लास्तरीय प्रशिक्षण कार्यक्रममा एमालेका केन्द्रीय उपमहासचिव प्रदीप ज्ञवाली, केन्द्रीय सदस्य सूर्य थापा, रचना खड्का, दिनेश पन्थी, नेता राजेन्द्र अर्याललगायतका नेताको सहभागिता रहेको जिल्ला अध्यक्ष वालसिंङ काउछाले जानकारी दिए ।

# प्रतिनिधिसभा र राष्ट्रियसभाबीच द्वन्द्व हुनु हुँदैनः विश्वकर्मा



"

'सङ्घीयता लागू भएपश्चात बनेका सबै निकाय, सरकार, पदाधिकारी, कर्मचारी, सङ्घसंस्थाको सम्पत्ति छानबिन गरी भ्रष्टाचार निवारणका लागि महत्त्वपूर्ण भूमिका खेल्नुपर्नेछ । अनावश्यक र कार्यक्षेत्र बाझिने कार्यालय हटाइ खर्च कटौती गर्नुपर्छ ।'
**सिङ्गबहादुर विश्वकर्मा, राष्ट्रियसभा सदस्य**

- राष्ट्रियसभाले अविच्छिन्न रूपमा काम गर्नुपर्छ
- चुनावदेखि चुनावसम्मको राजनीति मात्रै भयो
- विकासे आयोजनामा सांसद हाबी हुनु हुँदैन
- पुराना कानुनलाई पनि समयानुकूल बनाउनुपर्छ
- दिगो विकासको योजनाको लागि नीतिगत सुधार

काठमाडौँ ।
प्रदेशको न्यायोचित प्रतिनिधित्व व्यवस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलनसमेतलाई सम्बोधन गर्न नेपालको संविधानले राष्ट्रियसभाको व्यवस्था गरेको छ । संविधानले राष्ट्रियसभालाई स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । सीमान्तकृत, लोपोन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराइ समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रियसभा अपरिहार्य छ । प्रदेशसभाका सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला, एकजना दलित र एकजना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठजना गरी निर्वाचित ५६ जना र सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक महिलासहित तीन गरी राष्ट्रियसभामा ५९ सदस्य छन् । राष्ट्रियसभा परिपक्क, अनुभवी र कानुन निर्माणसँग जोडिएका योग्य व्यक्तिहरूको सभा हो । योग्य व्यक्तिको उपस्थितिबाट मात्रै राष्ट्रियसभाले प्रभावकारी काम गर्न सक्छ । संसद् कानुन निर्माणको प्रमुख थलो हो । राष्ट्रियसभाले अविच्छिन्नरूपमा काम गर्नुपर्ने हुन्छ । सांसद बनेपछि मन्त्री बन्ने आकाङ्क्षा राखेको पाइन्छ । सभाका सदस्य कार्यपालिकाको कार्यकारी सदस्यका रूपमा जानु उचित हुँदैन । जनप्रतिनिधि आफ्ना क्षेत्रका जनतासँग प्रत्यक्षरूपमा जोडिने हो । जनताको सरोकारका विषयमा पहल गर्नुपर्छ । यद्यपि सांसदहरू ऐन, कानुन तथा नीति तर्जुमामै केन्द्रित हुनुपर्छ । सांसदहरू मन्त्रालयमा विकासे आयोजनाको फाइल बोकेर हिँड्न हुँदैन । बजेट निर्माणका क्रममा स्पष्ट योजना निर्माणको सुझाव दिनुपर्छ । अहिले सांसदहरूबीच विकासे आयोजना कसले कति लैजाने भनेर होडबाजी छ । चुनावदेखि चुनावसम्मको विकासे राजनीतिले हामीलाई गाँजेको छ । संविधानसभाबाट नयाँ संविधान जारी भएपछि थुप्रै कानुन निर्माण गर्न बाँकी छन् । पुराना कानुनलाई पनि समयानुकूल बनाउनुपर्ने छ । कानुन निर्माणमा सांसदको सक्रियतामा बढोत्तरी आए उहाँहरूको भूमिका पनि वजनदार हुन्थ्यो । जनताको सरोकारका विषयमा सांसदले चासो लिनुपर्छ, तर योजनामै बढी केन्द्रित हुँदा कानुन निर्माणको पाटो भने अस्तव्यस्त देखिन्छ । सांसदहरूले विधेयक निर्माण प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुपर्छ । विधेयकको मस्यौदा निर्माणका क्रममा नै विज्ञ र सरोकारवालाको सुझाव लिइयो भने बढी प्रभावकारी हुन्छ । आफ्नो भूमिका बिर्सेर सांसद विकासे आयोजना खोज्दै हिँड्ने हो भने सांसदको गरिमा खस्कन सक्छ ।
राष्ट्रियसभा विशिष्ट प्रकृतिको सभा हो । राष्ट्रियसभा र प्रतिनिधिसभाका आ–आफ्ना छुट्टाछुट्टै विशिष्ट भूमिका छन् । राष्ट्रियसभा प्रतिनिधिसभाको छायाँका रूपमा रहनु हुँदैन । पछिल्लो छ वर्षको अनुभवमा यदाकदा प्रतिनिधिसभाको छायाँ राष्ट्रियसभामा पनि परेको देखिन्छ । सोही कारण राष्ट्रियसभा नियमावली संशोधनको प्रक्रियामा छ । राष्ट्रियसभा स्थायी सदन हो । प्रतिनिधिसभा सामान्यतः प्रत्येक पाँच वर्षका लागि गठन हुन्छ । राष्ट्रियसभा अविच्छिन्न कायम रहन्छ । प्रतिनिधिसभा नरहेको अवस्थामा राष्ट्रियसभाले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । तर अहिले राष्ट्रियसभा 'थपना'का लागि मात्रै बसेको जस्तो देखिन्छ । यावत चुनौतीका बाबजुद राष्ट्रियसभाले मुलुक र जनताको हितमा काम गरिरहेको छ । निर्धारित समयमा सभा सञ्चालन हुनु, सोहीअनुसार अध्यक्षबाट 'रुलिङ' हुनु सकारात्मक पाटो हो । कुनै कारणबाट प्रतिनिधिसभामा अवरोध भएको अवस्थामा राष्ट्रियसभा रोकिनु हुँदैन । प्रतिनिधिसभामा भएका घटनाका सम्बन्धमा राष्ट्रियसभामा बहसको विषय बन्न सक्छन् तर राष्ट्रियसभालाई निरन्तर सञ्चालन गर्नुपर्छ । संविधान जारी भएको आठ वर्ष बिते पनि अझै महत्त्वपूर्ण कानुन निर्माण हुनसकेका छैनन् । संविधान कार्यान्वयसँग सम्बन्धित कानुन नबन्दा राजनीतिक उपलब्धि (गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक÷समावेशी प्रतिनिधित्व) सुदृढ हुनसकेका छैनन् । प्राप्त उपलब्धिको संस्थागत विकासका लागि आवश्यक कानुन निर्माणमा कुनै ढिलाइ गर्न हुँदैन । कानुन निर्माणमा सरकारको भूमिका महत्त्वपूर्ण छ भने दलका शीर्षनेता पनि जिम्मेवार हुनुपर्छ । छ वर्षका अवधिमा दलित समुदायमाथि हुने विभिन्न जातीय विभेद र प्राकृतिक विपत्तिका घटनाका सम्बन्धमा सदनको ध्यानाकर्षण गराउँदैछु । संसदीय समितिमा पनि प्रभावकारी भूमिका निर्वाह गरेको छु । सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रम र बजेटमाथि घनिभूत छलफल एवं संसदीय समितिअन्तर्गत विधायन व्यवस्थापन र दिगो विकास तथा सुशासन समितिमा क्रियाशील रहेको छु । विधायन व्यवस्थापन समितिअन्तर्गत हालसम्म ५७ मध्ये राष्ट्रियसभाबाट २८ विधेयक पारित भई प्रमाणीकरण भएको छ भने दुईवटा विधेयक विधायन समितिमा विचाराधीन रहेको छ । प्रतिनिधिसभामा सन्देशसहित गएका १० विधेयकमध्ये पाँचवटा निष्क्रिय भएको छ । उत्पीडन र विभेदमा पारिएको दलित समुदायलाई अधिकारसम्पन्न बनाउन हालैमात्र राष्ट्रियसभामार्फत सङ्कल्प प्रस्ताव पारित गरी राज्यलाई दलित समुदायप्रति जिम्मेवार हुन सचेत गराइएको छ । अब सबै राजनीतिक दलले समन्वय र सहकार्य गरी जनतालाई अधिकारसम्पन्न बनाउन एकजुट भई संविधानले प्रत्याभूत गरेका कतिपय मौलिक हक–अधिकार कार्यान्वयन गर्न र तोकिएको समयमा बनाइसक्नुपर्ने ऐन, कानुन, नीति–नियमावली बनाउने विषयमा राष्ट्रियसभाको भूमिका महत्त्वपूर्ण रहेको छ । दिगो विकासको कार्यान्वयनका लागि नीतिगत सुधार गर्न निर्देशन दिइएके छ । विकासका गतिविधिमा देखिएका ढिलासुस्ती सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय र छलफल अन्तक्रिया गरिएको छ । दिगो विकासका लक्ष्य हासिल गर्न आवश्यक निर्देश तथा संसदीय भूमिकाका लागि प्रयत्न गरिएको छ । गत शैक्षिकसत्र सुरु हुनुअगावै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुर्याउन सरकारलाई सुझाव प्रदान गरी सफलता हासिल गरिएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुन्दर पक्ष सङ्घीयता हो । भ्रष्टाचारको निराकरण गर्न सबै दल एकजुट भई सहमति र सहकार्य गर्न आवश्यक छ । भ्रष्टाचार निवारणसम्बन्धी कानुन निर्माण गरी त्यसलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्छ । सङ्घीयता लागू भएपश्चात बनेका सबै निकाय, सरकार, पदाधिकारी, कर्मचारी, सङ्घसंस्थाको सम्पत्ति छानबिन गरी भ्रष्टाचार निवारणका लागि महत्त्वपूर्ण भूमिका खेल्नुपर्नेछ । अनावश्यक र कार्यक्षेत्र बाझिने कार्यालय हटाइ खर्च कटौती गर्नुपर्छ । राष्ट्रियसभामा छ वर्षको कार्यकाल विश्वविद्यालयको पढाइजस्तै रहेको महसुस भएको छ । धेरै कुरा जान्ने, बुझ्ने र सिक्ने मौका मिलेको छ । आफूले सिकेका विषयलाई गम्भीररूपमा आत्मसात् गरेर जनताको साथमा रहनेछु । अब निरुत्साहित होइन, उत्साहित ढङ्गबाट सभालाई अघि बढाउनुपर्छ । प्रतिनिधिसभा र राष्ट्रियसभाबीच द्वन्द्व होइन, समन्वयात्मक ढङ्गबाट अघि बढ्नुपर्छ । एउटा सदनले पारित गरेको विषयलाई बल्झाउने नभइ दुवै सभाले आपसमा सहकार्य गर्नुपर्छ ।

# आफ्नो कार्यकालको एक वर्ष सफल भएको मुख्यमन्त्रीको दाबी

**रासस**
**हेटौडा ।**
बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बागमती प्रदेशको समग्र विकासको दृष्टिकोणले कोसेढुङ्गा साबित भएको बताएका छन् । आफ्नो नेतृत्वमा सरकार गठन भएको एक वर्ष पूरा भएको अवसरमा सरकारले गरेका प्रमुख कार्य सार्वजनिक गर्दै मुख्यमन्त्री जम्कट्टेलले यस अवधिमा प्रदेश सरकार तथा कानुनी मन्त्रिपरिषद्का २४ बैठक सञ्चालन भई एक सय ३८ निर्णय गरिएको साथै प्रदेशसभासमक्ष पेस भएका सातवटा ऐन जारी भएको जानकारी दिए । प्रदेश सरकारलाई संस्थागत र सुदृढ बनाउनका लागि आवश्यक कानुन तथा नीतिहरू तर्जुमा गरिएको भन्दै मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारको दोस्रो आवधिक योजना तयारीको कार्य सुरु गरिएको जानकारी दिए । प्रदेश सरकार मातहतका मन्त्रालय, निकाय र कार्यालय स्थापना गरी सबै जिल्लाबाट सेवा सञ्चालन गर्ने, भौतिक पूर्वाधार र आवश्यक जनशक्तिको प्रबन्ध र कर्मचारी वृत्तिविकासका कार्यमा उल्लेखनीय उपलब्धि हासिल भएको उनले बताए । मुख्यमन्त्री जम्कट्टेलले सङ्घ, अन्तर प्रदेश र यस प्रदेशभित्रका स्थानीय तहसँग सहकार्य र समन्वय गर्नेमा उल्लेखनीय प्रगति भएको बताउँदै प्रदेशभित्रका स्थानीय तहको क्षमता विकासका लागि सरकारले गरेको वित्तीय हस्तान्तरण, लगानी र सहयोगले स्थानीय शासन सुदृढीकरणमा योगदान पुगेको जनाए । नीतिगत, संस्थागत र कार्यप्रक्रियागत सुधारबाट सार्वजनिक सेवाप्रवाह जनमैत्री र शासन व्यवस्था जवाफदेही एवं पारदर्शी भई सुशासन कायम हुने अपेक्षा गरिएको उनको भनाइ थियो । सरकारले संविधान प्रदत्त अधिकारसम्बन्धी सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन प्रदेश निजामती सेवा ऐन स्वीकृत भई सङ्गठन संरचना तथा दरबन्दी व्यवस्थापन भएको, सडक, खानेपानी, सिँचाइलगायत भौतिक पूर्वाधार विकास, प्रदेश सार्वजनिक विश्वविद्यालय स्थापना, प्रदेश उच्च शिक्षा परिषद् गठन, प्रदेश शिक्षा नीति निर्धारण उनले बताए । त्यस्तै, प्रदेश अस्पतालको स्तरोन्नति गरी विपन्न असहायका लागि निःशुल्क रूपमा स्वास्थ्य सेवा र अस्पतालमा शय्यामार्फत स्वास्थ्य क्षेत्रमा आम नागरिकको पहुँच बढाउन प्रदेश सरकार प्रयत्नशील रहेको भन्दै मुख्यमन्त्रीले प्रदेशभित्र नेपाल र तामाङ भाषालाई सरकारी कामकाजको भाषाका रुपमा मान्यता प्रदान गरी प्रदेश सरकारले स्थानीय भाषा संस्कृतिको संरक्षण र विकासमा महत्वपूर्ण योगदान गरेको दाबी गरे । 'चेपाङ, चिउरी तथा चमेरो संरक्षण, गृहिणी महिला उद्यमशीलता, दलित समुदाय समग्र विकास, नमूना वडा समाजवादी, समुदायमा आधारित कृषि उत्पादनजस्ता नवीनतम् कार्यक्रममार्फत लैङ्गिक मूल प्रवाहीकरण र सामाजिक समावेशीकरण गरी प्रदेशबासीको रोजगारी र आयस्तर वृद्धिजस्ता बहुआयामिक विकासका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरिरहेको छ । यी उपलब्धि प्रदेशको समग्र विकासका दृष्टिले कोसेढुङ्गा नै हुन्', मुख्यमन्त्री जम्कट्टेलले भने । एक वर्षको अवधिमा स्वीकृत नीति तथा कार्यक्रमअनुसार सार्वजनिक सेवा प्रवाह, सामाजिक तथा पूर्वाधार विकासलगायत नागरिक सरोकारका हरेक पक्षमा सकारात्मक परिवर्तन ल्याउने दिशामा प्रदेश सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्री जम्कट्टेलले बताए । सरकारले १३ क्षेत्रमा गरेका विभिन्न प्रमुख कार्य समेटिएको पुस्तकसमेत प्रकाशन गरेको छ ।



मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# महासङ्घद्वारा छानबिन समिति गठनको स्वागत




**रासस**
**काठमाडौँ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घले डेडिकेटेड र टङ्कलाइन विवाद समाधान गर्न सकारले छानबिन समिति गठन गरेकामा त्यसको स्वागत गरेको छ । महासङ्घले बुधबार एक विज्ञप्ति निकालेर आफ्नो अनुरोधअनुसार डेडिकेटेड र ट्रङ्कलाइन विवाद समाधान गर्न गठित छानबिन समितिले समस्याको दीर्घकालीन समाधान पहिल्याउनुपर्नेमा जोड दिएको छ । 'विगतमा उद्योगमा जडित डेडिकेटेड र ट्रङ्कलाइनको भुक्तानीसम्बन्धी विवाद टुङ्गोमा नपुग्दै उद्योगहरुको विद्युत् लाइन काटिएपछि सिर्जित समस्या समाधानका लागि नेपाल उद्योग वाणिज्य महासङ्घले तत्काल लाइन जोडेर त्यससम्बन्धी विवाद निरुपणका लागि न्यायिक आयोग गठन गर्न माग गरे बमोजिम सरकारले न्यायिक आयोग गठन गरी तत्काल लाइन जोड्न विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ । महासङ्घ मन्त्रिपरिषद्बाट भएको यस निर्णयको स्वागत गर्दै सरकारलाई धन्यवाद दिन चाहन्छ', विज्ञप्तिमा भनिएको छ । महासङ्घले तत्काल काटिएका लाइन जोड्न तथा उद्योगहरुले निर्वाध रुपमा काम गर्न पाउने अधिकार सुनिश्चित गर्न सरकार लगायत सम्बन्धित सम्पूर्णमा अपिल पनि गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'नवगठित आयोगले विगतमा भएका अध्ययन, अहिलेको अवस्था, बिजुली उपभोग गरेको प्रमाणको अध्ययन गरी समाधानको निष्पक्ष राय दिनेमा महासङ्घ विश्वस्त छ ।' महासङ्घले आर्थिक मन्दीको यो समयमा निजी क्षेत्रका समस्यालाई गम्भीर रूपमा लिएर त्यसको समाधानमा सरकारले प्रयास गरेकामा सरकारप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि निजी क्षेत्रका गतिविधिलाई असर पर्ने काम कहीँकतैबाट नहुनेमा आफू आशावादी रहेको बताएको छ । मङ्गलबारको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव रहेको समिति गठन गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्ले समितिलाई डेडिकेटेड र ट्रङ्कलाइनको महसुल सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेस गर्ने अख्तियारी दिएको छ ।

# अघि बढ्यो सुनकोशी आयोजनाको प्राविधिक तयारी



**रासस**
**काठमाडौँ ।**
राजधानी काठमाडौँबाट नजिकै र सुगम गन्तव्यका रुपमा रहेको सुनकोशी तेस्रो जलाशययुक्त आयोजनाको प्राविधिक तयारीको काम सुरु भएको छ । कूल छ सय ८३ मेगावाट क्षमताको सुनकोशी तेस्रो जलाशययुक्त जलविद्युत्को सर्वेक्षण अनुमतिपत्र (सर्वे लाइसेन्स) नेपाल विद्युत् प्राधिकरणले पाएसँगै आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्र कागजात तयारीको काम अगाडि बढेको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले काभ्रेपलाञ्चोक र रामछाप जिल्लाको सिमानामा पहिचान भएको सुनकोशी तेस्रो जलाशययुक्त जलविद्युत् आयोजनाको सर्वे लाइसेन्सको काम गत मङ्सिर २५ मा प्राधिकरणलाई दिएको थियो । विद्युत् विकास विभागमार्फत सम्भाव्यता अध्ययन भएको आयोजनाको लाइसेन्स लिन प्राधिकरणले करिब ७० करोड रुपैयाँ सरकारलाई बुझाएको थियो । आयोजनाको आवश्यक तयारीको काम सम्पन्न गर्न ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले प्राधिकरणलाई निर्देशन दिएका छन् । प्राधिकरणको सञ्चालक समितिका अध्यक्षसमेत रहेका मन्त्री बस्नेतले आवश्यक प्राविधिक काम सम्पन्न गर्न सरकारको तर्फबाट आवश्यक सहजीकरण गरिने बताए । प्राधिकरणले बुधबार आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्र कागजात तयारीका लागि अन्तर्राष्ट्रिय परामर्शदाता छनोटका लागि आशयको सूचना जारी गरेको छ । इन्छुक अन्तर्राष्ट्रिय परामर्शदाता कम्पनीले आगामी फागुन २ गतेभित्रमा प्रस्ताव पेस गर्न सक्ने व्यवस्था गरिएको छ । प्राधिकरणले परामर्शदाता छनोटको सम्पूर्ण प्रक्रिया पूरा गरी आगामी वर्षको माघबाट विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्र कागजात तयारीको काम सुरु गर्ने लक्ष्य राखेको छ । कार्य २४ महिनामा पूरा गर्ने बताइएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले हाल सम्भाव्यता चरणमा रहेको आयोजनालाई जतिसक्दो छिट्टो कार्यान्वयनमा लैजानका लागि फिल्ड अनुसन्धान, बोलपत्रको कागजातको तयारी बहुर्राष्ट्रिय बैंक तथा वित्तीय संस्थालाई ऋण लगानीका लागि आवश्यक पर्ने सर्त पूरा हुनेगरी विस्तृत इञ्जिनियरिङ डिजाइन गर्न लागिएको बताए । 'परामर्शदाताले हालको सम्भाव्यता अध्ययनको पुनरावलोकन, भौगर्भिक तथा जियोटेक्निकल अनुसन्धान, विद्युत् प्रवाह अध्ययन, निर्माण गरिने हरेक संरचनाको विस्तृत डिजाइन, लागत अनुमान, वित्तीय विश्लेषण, लगानी योजनालगायतका कार्य गर्नेछ', कार्यकारी निर्देशक घिसिङले भने । उनका अनुसार आयोजनालाई नेपाल र बङ्गलादेशको संयुक्त लगानीमा निर्माण गर्न दुई देशबीचका ऊर्जा संयन्त्रका विभिन्न समयमा भएका बैठकमा सहमति भइसकेको छ । गत जेठ २ गते नेपाल–बङ्गलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको पाँचौ बैठकले आयोजनाको निर्माण र विकास गर्नका लागि नेपाल विद्युत प्राधिकरण र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डबीच छ महिनाभित्र संयुक्त उपक्रममा हस्ताक्षर गर्ने सहमति भएको थियो । लगानीसम्बन्धी सम्झौतामा अहिलेसम्म हस्ताक्षर भने हुनसकेको छैन । विसं २०७९ को भदौमा बङ्गलादेशको विद्युत्, ऊर्जा तथा खनिज स्रोत मन्त्रालयका सचिव नेतृत्वको टोली र नेपालको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत् विकास विभाग तथा विद्युत् प्राधिकरणको संयुक्त टोलीले आयोजनाको प्रस्तावित निर्माणस्थल र जलाशय क्षेत्रको स्थलगत अवलोकन भ्रमण गरेको थियो । बङ्गलादेश नेतृत्वको टोलीले आयोजना निर्माण अघि बढाउन बङ्गलादेश तयार रहेको बताएको थियो । आयोजनाको अनुमानित लागत एक अर्ब ४५ करोड ८० लाख अमेरिकी डलर रहेको छ । यसमध्ये सिभिल निर्माणतर्फ ५८ करोड, हाइड्रोमेकानिकल, इलेक्ट्रोमेकानिकल तथा प्रसारणलाइनतर्फ १७ करोड ४९ लाख रुपैयाँ र जग्गा अधिग्रहण, पुनः स्थापना जस्ता सामाजिक तथा वातावरणीय कार्यका लागि ३७ करोड डलर लाग्ने अनुमान गरिएको छ । जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले कोशी नदी जलस्रोत विकास अध्ययनका क्रममा सन् १९८५ मा आयोजनाको पहिचान गरेको थियो । जाइकाले गरेको अध्ययनलाई सन् २०१४ मा अध्यावधिक गरिएको थियो ।

बिपी राजमार्गको नेपालथोकबाट करिब एक किलोमिटर रामेछापको खाँडादेवी र काभ्रेको तेमाल गाउँपालिको सिमानामापर्ने लुभुघाटमा एक सय ८० मिटर अग्लो बाँध निर्माण गरी नदीलाई थुनिने छ । आयोजनाको जलाशय ४५ किलोमिटर माथिसम्म फैलिन्छ । जसअनुसार, सिन्धुपाल्चोकस्थित सुनकोशी नदीतर्फ बलेफी बजार भन्दामाथि र इन्द्रावती नदीतर्फ सिपाघाटसम्म जलाशय फैलिने छ । आयोजनाको वातावरणीय प्रभाव अध्ययन (इआईए) स्वीकृत भइसकेको छ । इआईए प्रतिवेदनअनुसार, आयोजनाबाट सिन्धुली, काभ्रे, रामेछाप र सिन्धुपाल्चोकका १३ स्थानीय तहका ४५ वटा वडा प्रभावित हुनेछन् । आयोजनाबाट तीन हजार दुई सय ३७ हेक्टर जग्गा डुवानमा पर्ने छ । यसका लागि तीन हजार तीन सय हेक्टर निजी जग्गा अधिग्रहण गर्नुपर्ने छ भने छ सय ५५ हेक्टर वन क्षेत्रको जग्गा पर्ने छ । आयोजनाबाट एघार हजार सात सय जनसङ्ख्या विस्थापित हुने देखिएको छ । आयोजनाको सम्पूर्ण काम सम्पन्न भए पश्चात् यहाँबाट वार्षिक रुपमा दुई अर्ब ३५ करोड ६२ लाख युनिट विद्युत् उत्पादन हुने छ । त्यसमध्ये हिउँदयाममा ६२ करोड २३ लाख युनिट उत्पादन हुने अध्ययनले देखाएको छ ।

# सञ्चयकर्ताका दम्पतीले सामाजिक सुरक्षा सुविधा पाउने

**रासस**
**काठमाडौँ ।**
कर्मचारी सञ्चय कोषले आगामी फागुन १ गतेदेखि सञ्चकर्ता दम्पतीलाई सामाजिक सुरक्षा सुविधा उपलब्ध गराउने भएको छ । कोषले बुधबार सूचना जारी गर्दै साविकमा सञ्चयकर्तालाई मात्र उपलब्ध गराइँदै आएको सो सुविधा सञ्चयकर्ता दम्पतीले समेत प्राप्त गर्ने व्यवस्था मिलाइएको जनाइएको छ । कोषले २०७६ सालदेखि सञ्चयकर्ताले अस्पतालमा भर्ना भई उपचार गराएको साधारण रोगको हकमा प्रत्येक वर्ष बढीमा एक लाख रुपैयाँ र १२ घातक रोगको हकमा सेवा अवधिभरमा १० लाख रुपैयाँसम्मको स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउँदै आएको छ । आगामी फागुन १ गतेदेखि साविक सञ्चयकर्तालाई मात्र उपलब्ध गराइएको सुविधा सञ्चकर्ताका पति वा पत्नीलाई पनि प्रदान गरिने कोषले जनाएको छ । सुविधा सञ्चालका लागि अस्पतालको सूची तयार भइरहेको कोषले जनाएको छ । कोषले सूचीकृत अस्पतालमा मात्र सञ्चयकर्ता वा पति तथा पत्नीको उपचार गराइ कोषबाट सञ्चयकर्तालाई प्रदान गरिने सुविधा उपभोग गर्न अनुरोध गरेको छ । कोषले सञ्चयकर्तालाई वित्तीय सेवा र सामाजिक सुरक्षा सेवा उपलब्ध गराउँदै आएको छ । कोषले सञ्चयकर्तालाई विशेष, घर, शैक्षिक र घर मर्मत सापटी, जग्गा खरिदमा कर्जा तथा स्वास्थ्य उपचार सुविधा, काजकिरिया अनुदान, सुत्केरी एवं शिशु स्याहर र दुर्घटना क्षतिपूर्ति प्रदान गर्दै आइरहेको छ । विसं २०१९ मा स्थापना भएको कोषले सरकारी, सार्वजनिक तथा निजी क्षेत्रका कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिका निमित्त सञ्चय कोष व्यवस्थापनको काम गर्दै आएको छ । कोषले सञ्चयकर्तालाई सामाजिक सुरक्षाका सुविधा प्रदान गर्नुका साथै नयाँ सुविधा पनि थप गर्दै आइरहेको छ । कोषमा २७ हजार छ सय कार्यालयका पाँच लाख ८२ हजार योगदानकर्ता सूचीकृत छन् ।

# तालिबानले आठ सय महिलालाई जेलमा कोच्यो

**एएनआइ**
**काबुल ।**
अफगानिस्तानमा तालिबानद्वारा महिलाहरूमाथि विभिन्न प्रकारका हिंसा तथा अत्याचार, आधारभूत अधिकारको दमनसहित कम्तीमा ८०० महिलाहरूलाई अफगानी कारागारमा राखेको टोलो न्यूजले जनाएको छ । कारागार प्रशासन कार्यालयका उपप्रमुखका अनुसार अफगानिस्तानका कारागारहरूमा हाल ८०० महिलासहित करिब १९ हजार कैँदीहरू छन् । फरक–फरक सजाय भोगिरहेका कैदीमध्ये धेरैमाथि अनुसन्धान भइरहेको छ । अफगानिस्तानको केन्द्रीय कारागार प्रशासनका उपप्रमुख हबिबुल्लाह बदरले अफगानिस्तानमा अनधिकृत कारागारहरू नभएको राष्ट्रिय टिभी नेटवर्क आरटीएसँगको अन्तर्वार्तामा बताए । उनले जेलमा कैदीहरूलाई 'यातना' दिइने आरोपको खण्डन गरेका छन् । टोलो न्यूजका अनुसार त्यहाँ कुनै यातना वा अन्य प्रकारका दुर्व्यवहार नभएको दावी गरे । केही सैन्य र राजनीतिक विज्ञहरूले तालिबानलाई यस बीचमा बन्दीहरूलाई शैक्षिक निर्देशनहरू उपलब्ध गराउन सुरु गर्न आह्वान गरेका छन् । राजनीतिक विश्लेषक जाहोरोल्लाह जाहिरले बन्दीहरूका लागि शिक्षा धेरै महत्वपूर्ण भएको बताउँदै उनीहरूलाई विभिन्न सीपहरू पनि उपलब्ध गराउनु पर्ने बताएको टोलो न्यूजले उल्लेख गरेको छ । तालिबानले सन् २०२१ को अगस्टमा सत्ता कब्जा गरेपछि महिला अधिकारको हनन नगरिने प्रतिबद्धताको बाबजुद, उच्च शिक्षामा प्रतिबन्ध लगाउनु र समाजमा महिलाको भूमिका सीमित गर्न तालिवान प्रशासनले लिएको गैर–जिम्मेवारपूर्ण कदम हो । अगस्ट २०२१ पछि तालिवान प्रशासनले छ कक्षाभन्दा माथिका छात्राहरूलाई विद्यालयमा जान प्रतिबन्ध लगाई महिलाहरूलाई पुरुष संरक्षकसँग मात्र यात्रा गनुपर्र्ने कडा नियम लगाएको छ । तालिवानहरूले सौन्दर्य सैलूनहरू बन्द गरे र महिलाहरूलाई घरेलु र अन्तर्राष्ट्रिय गैर–सरकारी सहायता समूहहरूसँग काम गर्नबाट रोक लगाए । पछिल्लो समय यस विषयमा अन्तर्राष्ट्रिय समुदायको असन्तुष्टि उत्पन्न भएको छ ।

# नेप्सेको उकालो यात्रा कायमै

**मधेशदृष्टि**
**काठमाडौँ ।**
पछिल्लो दुई दिन निरन्तर उकालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकले बुधबार पनि निरन्तरता पाएको छ । बुधबार नेप्से परिसूचक नौ दशमलव ५० अङ्कले बढेर दुई हजार ८९ दशमलव ६२ को विन्दुमा कायम भएको हो । बुधबार तीन सय एक कम्पनीको एक करोड ३४ लाख ७७ हजार नौ सय ४६ कित्ता शेयर ९२ हजार छ सय दुई पटक खरिदबिक्री हुँदा पाँच अर्ब १३ करोड ४८ लाख ४८ हजार सात सय ८९ रुपैयाँ बराबरको कारोबार भएको छ । बुधबार विकास बैंक समूह शून्य दशमलव ४४, वित्त शून्य दशमलव १०, होटल तथा पर्यटन समूह शून्य दशमलव ८४ र जलविद्युत् समूह शून्य दशमलव ५० प्रतिशतले घटेको छ । त्यस्तै लगानी समूह शून्य दशमलव ६३, जीवन बीमा समूह शून्य दशमलव २५ र निर्जीवन बीमा समूह शून्य दशमलव १३ प्रतिशतले बढेको छ ।
अरु समूहको उपसूचक भने बढेको छ ।
बैंकिङ र उत्पादन तथा प्रशोधन समूह समान एक दशमलव १२, लघुवित्त समूह एक दशमलव ०२, म्युचुअल फन्ड समूह शून्य दशमलव ०३, व्यापार समूह शून्य दशमलव ०१ र अन्य समूह दुई दशमलव २१ प्रतिशतले बढेको छ । मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड र हिमालयन रिइन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा पाँच दशमलव ९५ प्रतिशतको गिरावट देखिएको छ ।
कारोबार रकम र शेयर सङ्ख्याका आधारमा बुधबार सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको ३२ करोड ७८ लाख ९१ हजार छ सय १३ रुपैयाँ बराबरको छ लाख ३४ हजार पाँच सय ९३ कित्ता शेयर कारोबार भएको छ ।

**नेप्सेको कारोबार प्रणाली ३ दिन बन्द हुने**
नेपाल स्टक एक्सचेन्ज ३ दिन बन्द हुने भएको छ । विद्युत मर्मत सम्भार गर्नु पर्ने भएकाले तीन दिन बन्द गर्न लागिएकोनेपाल स्टक एक्सचेन्जले जनाएको छ । बिहीबार (पुस २६) बेलुका ५ बजेदेखि शनिबार (पुस २८) ११ बजेसम्म नेप्सेको कारोबार प्रणाली बन्द रहने नेप्सेले जनाएको छ । विद्युतीय प्रणालीलाई अध्यावधिक गर्नुपरेकाले बन्द गर्न लागिएको बताइएको छ ।

# इक्वेडरको जेलबाट ३९ कैदी फरार



**एएफपी**
**क्विटो (इक्वेडर) ।**
इक्वेडरको चिम्बोराजो प्रान्तको रियोबाम्बा शहरको एक कारागारबाट सोमबार राति करिब ३९ कैदी सुरक्षा घेरा तोडेर फरार भएका छन् ।
रियोबाम्बाका नगर प्रमुख जोन विनुएजाले स्थानीय पिचिन्चा रेडियो स्टेसनलाई दिएको जानकारीअनुसार कारागारमा दङ्गापछि विष्फोट भएको र केही कैदीहरू भाग्न सफल भएको बताए । उनले भने, 'कारागारको सुरक्षा घेरा तोडेर ३९ कैँदी भागेका छन् ।
मैले प्राप्त गरेको जानकारीअनुसार फरारमध्ये १२ जनालाई पुनः कब्जामा लिइएको छ ।' प्रहरी विवरणलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले दिएको जानकारीअनुसार स्थानीय समयअनुसार राति १०:४५ बजे जेलको सेन्ट्री बक्सबाट कैदीहरू भागेका थिए । फरार हुनेमा 'लस लोबोस' आपराधिक सङ्गठनसँग सम्बन्धित कुख्यात अपराधी फेब्रिसियो कोलोन पिको पनि छन् । पिकोविरूद्ध महान्यायाधिवक्ता डायना सालाजारविरुद्ध आक्रमणको योजना बनाएको आरोप लगाइएको छ । अधिकारीहरूले उनलाई अर्को जेलमा स्थानान्तरण गर्ने योजना बनाइरहेका बेला कोलोन भाग्न सफल भएका हुन् । रियोबाम्बामा भएको घटनापछि इक्वेडरका विभिन्न जेलमा दङ्गा भड्किनुका साथै सोमबार राति र मङ्गलबार बिहानै देशका विभिन्न सहरमा विस्फोटक पदार्थ र प्रहरी अधिकारीहरूको अपहरण भएको थियो । सरकारले हिंसा बढेपछि आपराधिक गतिविधि रोक्नका लागि रात्रिकालीन कफ्र्यूसहित ६० दिनको आपतकालीन अवस्था घोषणा गरेको छ ।

# महाप्रबन्धक नियुक्तिमा खड्का हाबी भएको आरोप

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल क्रिकेट संघ (क्यान) को महाप्रबन्धक नियुक्ति विवादमा परेको छ ।
असन्तुष्ट नवराज कोइरालाले बुधबार पत्रकार सम्मेलन गर्दै नियुक्ति ७२ घण्टा भित्र नसच्चाए क्यान र क्यान सचिव पारस खड्काविरुद्ध सर्वोच्च अदालत जाने बताएका छन् । कोइराला अन्तिम सातमा परेका प्रतिस्पर्धी हुन् । क्यानले सोमबार उत्सव ढुङ्गानालाई महाप्रबन्धमा नियुक्त गरेको थियो । कोइरालाले महाप्रबन्धक छनोट प्रक्रिया नै शंकास्पद रहेको बताएका छन् । उनले लोकसेवा आयोगसँगको समन्वयनमा नयाँ परिक्षा लिनुपर्ने माग राखेका छन् ।

# जनप्रतिनिधिको खबरदारी ताला खुलाउन वार्ताको पहल जारी



**सञ्जय मिश्रा**
**रौतहट ।**
मेयर अजयप्रकाश जैसवालमाथि करोडौं भ्रष्टाचारको आरोप लगाउँदै नगरपालिकामा तालाबन्दी गरेका कटहरियाका जनप्रतिनिधिहरु तेस्रो दिन पनि खबरदारीमा जारी राखेका छन् ।

बुधबार बिहान १० बजे कार्यालय समय सुरु हुनासाथ जनप्रतिनिधि तथा पार्टी प्रतिनिधिहरू नगरपालिकाको प्राङ्गणमा बसेर खबरदारी सुरु गरेका हुन् । खबरदारीमा उपमेयर रिता देवी यादव, वडा २ का अध्यक्ष भूपेन्द्र कुशवाहा, ५ का अध्यक्ष सर्फलाल गुप्ता, ७ का अध्यक्ष सहिद मियाँ, कांग्रेस नगर सभापति शम्भु यादव, कार्यपालिका सदस्य जमुन ठाकुर, पूर्व वडाअध्यक्ष उमेश यादव, बाल्मिकी यादवलगायत दर्जनौ उपस्थित थिए । जनप्रतिनिधि तथा पार्टी प्रतिनिधिहरु गत सोमबार नगरपालिकाको विभिन्न फाँटमा तालाबन्दी गरेदेखि नै नियमित कार्यालय समय बिहान १० बजेदेखि साँझ ५ बजेसम्म नगरपालिकाको प्राङ्गणमा बसेर खबरदारी गरिरहेका छन् । उनीहरुले खबरदारी यो कुनै पार्टीको लड़ाई नभई नगर बचाऔं अभियान भएकाले सहयोग गर्न सम्पूर्ण नागरिक तथा कर्मचारी तथा सञ्चारकर्मीलाई आग्रह गरेका छन् । 'हामीले अघि सारेका ८ बुँदे माग मेयर अजयप्रकाश जैसवालले पूरा नगरेसम्म नगरपालिकामा तालाबन्दीका साथै खबरदारी यथावत रहनेछ', उपमेयर रिता देवी यादवले भनिन् । नगरक्षेत्र अन्तर्गत घरायसी प्रयोजनमा खर्च भएको विद्युत महशुल बापत प्राधिकरणको बक्यौता रकम सुनिश्चित गर्नुपर्ने, नगरपालिका मातहत तथा कार्यालयमा विगतदेखि खट्दै आएका कर्मचारी, डोर, करार, सफाईकर्मी, सबैको बाँकी तलब भुक्तानी गरी कर्मचारी राख्ने नराख्ने बारे छलफल गर्नुपर्ने, कुनै पनि शीर्षकमा खर्च गर्नु अघि खर्चको प्रस्ताव माथि नगर कार्यपालिका बोर्डको बैठकबाट सुनिश्चित गर्नुपर्ने माग गरिएको छ ।

त्यस्तै बिगतमा नगरक्षेत्र भित्र ह्यान्डपाईप जडानमा छुट्याईएको रकमको लेखाजोखा बोर्डलाई जानकारी दिनुपर्ने, विद्युत पोल खरिदको लागि छुट्याइएको १ करोड रुपैयाँ प्राधिकरण कार्यालयमा जम्मा गराई सम्झौता गर्नु पर्ने, आर्थिक बर्ष २०७९/०८० मा केन्द्र, प्रदेश सरकार तथा अन्य निकाय संघ संस्थाबाट आएको योजनाको प्रगती विवरण सार्वजनिक गर्नुपर्ने र नगरपालिकामा कार्यरत स्थायी, करार, डोर संख्या, नाम ठेगाना सहित, उनीहरूको तलबमानको विवरण, तथा भुक्तानीबारे लिखित जानकारी गराउन माग गरिएको छ । विभिन्न शीर्षकमा करोडौं रुपैयाँ निकासा गरेर अनियमितता गरेका मेयर अजयप्रकाश जैसवालले हिँउदे अधिवेशन सकेर पुनः रकम निकासा गराउने दाउमा देखिएकाले बाध्यभएर नगरपालिकामा तालाबन्दी गर्नुपरेको जनप्रतिनिधिहरुले बताएका छन् । मासिक १० लाख भन्दा बढिको डिजल पेट्रोल खर्च, नगरको स्थायी कर्मचारीको मासिक करिब १० लाख तलब आउने स्थानमा करार देखाएर मासिक ३५ लाख तलबको नाउँमा मेयर जैसवालले लिने गरेको उनीहरूले दाबी गरेका छन् । रौतहटका सिडिओ हिरालाल रेग्मीले नगरपालिकाको समस्या समाधानको लागि वार्ताको माध्यमबाट पहल भइरहेको बताए । यता, मेयर पहिले ताला खुलेपछि मात्रै वार्ता गर्ने भनिरहेका छन् भने जनप्रतिनिधिहरुले माग सम्बोधन नभएसम्म तालाबन्दी जारी राख्ने अडानमा छन् ।

# चुनावी रणनीति बनाउन गठबन्धन दल जुटे



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रियसभा सदस्य निर्वाचनका लागि सातवटै प्रदेशमा उम्मेदवारी दर्ता भइसकेको छ ।

माघ ११ गते हुन लागेको चुनावका लागि मधेश प्रदेशमा गठबन्धनबाट अन्य तर्फ नेपाली कांग्रेसका नेता आनन्द प्रसाद ढुंगाना तथा महिला तर्फ जनता समाजवादी पार्टीकी पुजा चौधरीले उम्मेदवारी दर्ता गरेकी छन् । चुनावी प्रचार प्रसार, मतदाता भेट्ने, गठबन्धन दलका मतदाताहरुसँगको समन्वय लगायत चुनावी रणनीति बनाउन बुधबार जनकपुरमा गठबन्धन दलका नेताहरु बैठक बसेका थिए । बैठकमा नेपाली कांग्रेसका प्रदेश सभापति एवम् प्रदेशसभा संसदीय दलका नेता कृष्ण प्रसाद यादव, केन्द्रीय सहमहामन्त्री महेन्द्र यादव, उम्मेदवार आनन्द प्रसाद ढुंगाना, प्रदेश उपसभापति विरेन्द्र सिंह, जसपाका प्रदेश अध्यक्ष रामबाबु यादव, जसपा संसदीय दलका नेता समेत रहेका मुख्यमन्त्री सरोज कुमार यादव, माओवादी संसदीय दलका नेता भरत साह, एकीकृत समाजवादी पार्टीका नेता एवं कृषि, सहकारी तथा भूमि व्यवस्था मन्त्री गोविन्द न्यौपाने लगायतका नेताहरु बैठकमा सहभागी थिए ।

# सर्लाहीमा अवैधरूपमा काठ चोरी निकासी गर्नेविरुद्ध मुद्दा दर्ता

**रासस**
**सर्लाही ।**
सर्लाहीका जङ्गलबाट चालु आर्थिक वर्षको हालसम्म अवैधरूपमा काठ चोरी निकासी गर्ने आठजनाविरुद्ध मुद्दा दर्ता गरिएको छ । डिभिजन वन कार्यालय सर्लाहीले अवैधरूपमा काठ ओसारपसार र चोरी निकासीको आरोपमा आव २०८०÷८१ को पहिलो चौमासिकमा आठजनाविरुद्ध मुद्दा दर्ता गरिएको जनाएको छ । कार्यालयका सूचना अधिकारी राकेश रन्जन दासले तीन मुद्दामा करिब ५६ दशमलव २४ क्युविकफिट काठसहित आरोपीलाई पक्राउ गरिएको जानकारी दिए । उनकाअनुसार साउनदेखि कात्तिकसम्ममा आठजनाविरुद्ध मुद्दा दर्ता भएको र ५६ दशमलव २४ क्युविकफिट काठ बरामद भएको हो । काठ चोरी तस्करी गर्ने कार्यमा संलग्न रही नियन्त्रणमा लिइएका आठजनामाथि कारबाही प्रक्रिया अघि बढाइएको जिल्लास्थित वन कार्यालयका प्रमुख मन्जुर अहमदले जानकारी दिए । उनकाअनुसार चालु आवको चार महिनामा अवैधरूपमा काठ चोरी निकासी गर्नेलाई पक्राउ गरी तीन मुद्दा दर्ता गरिएको छ । तीमध्ये एउटा मुद्दा दर्ता प्रक्रियामा रहेको उनले जानकारी दिए । अवैध काठ चोरी निकासीको आरोपमा पक्राउ पर्नेमा केही स्थानीय सःमिल सञ्चालकसमेत रहेका वन कार्यालयले जनाएको छ । 'चार महिनामा तीन घटनामा संलग्न आठजनालाई पक्राउ गरेका छौँ । अरूमाथि निगरानी बढाएका छौँ । विभिन्न कठिनाइका बाबजुद वन संरक्षण र चोरी निकासी नियन्त्रणका लागि हामी नयाँ रणनीतिसहित अगाडि बढिरहेका छौँ' प्रमुख अहमदले भने । पछिल्लो समय वन मासिँदै जानाका साथै अवैध चोरी निकासीका कारण राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिले थालेको अभियानमा समेत प्रभाव परेको उनले बताए । अहमदले काठ चोरी तस्करी र वन क्षेत्रको अतिक्रमणलाई नियन्त्रण गर्न सबैको सहयोग जरुरी रहेकामा जोड दिए । जिल्लास्थित सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष सीताराम पोखरेलले महासङ्घले वन तथा वन पैदावारको संरक्षण गर्न समुदायमा सचेतना अभिवृद्धि गर्नाका साथै चोरी निकासी नियन्त्रणका लागि सधैँ सहयोगी भूमिका निर्वाह गरिरहेको बताए । 'वन संरक्षणका काममा महासङ्घ वन कार्यालयसँग सहकार्य गर्न तयार छ' उनले भने, 'वन क्षेत्र विस्तार तथा अतिक्रमित क्षेत्र फिर्तालगायत काममा वन कार्यालयले नेतृत्व गरोस् भन्ने हाम्रो चाहना हो ।'

**वन अतिक्रमण र चोरी निकासी मुख्य समस्या**

मधेश प्रदेशको आठ जिल्लामध्ये सर्लाहीमा २३ दशमलव ४८ प्रतिशत वन क्षेत्र रहेको डिभिजन वन कार्यालय सर्लाहीले जनाएको छ । जिल्लामा २९ हजार पाँच सय ७१ हेक्टर वन क्षेत्र रहेको छ । त्यसमध्ये छ सय ३७ हेक्टर अतिक्रमण गरिएको डिभिजन वन प्रमुख अहमदले जानकारी दिए ।

> **'अतिक्रमण र चोरी निकासी यहाँको वन संरक्षणका लागि मुख्य समस्या हो' अहमदले भने, '४० वर्ष अघिदेखि पटकपटक गरी छ सय ३७ हेक्टर वन अतिक्रमण भएको छ ।'**

पछिल्लो समयमा पाँच सय ५० हेक्टर अतिक्रमित वन क्षेत्र फिर्ता गर्न सफल भएको उनले बताए । विभिन्न असहज परिस्थितिको समयमा राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रमा अतिक्रमण भएको भन्दै अतिक्रमित सबै क्षेत्र फिर्ता गर्न नसकिएको कार्यालयका सूचना अधिकारी दासले जानकारी दिए । अतिक्रमणकारी विभिन्न राजनीतिक दलको संरक्षणमा रहेका, विभिन्न सङ्घसंस्थाले अतिक्रमणकारीको पक्षमा वकालत तथा दबाब दिएका, अतिक्रमण गरी बसेको क्षेत्रमा विभिन्न सङ्घसंस्थाबाट पुर्वाधार विकासमा अनुदान सहयोग उपलब्ध गराएकालगायत कारणले उक्त क्षेत्र फिर्ता गर्न नसकिएको उनको भनाइ थियो । केही वर्षयता थप अतिक्रमण हुन नदिन उच्च सतर्कतासहित डिभिजन वन कार्यालयले काम गरिरहेको दासले जानकारी दिए । बाँकी रहेको ८७ हेक्टर अतिक्रमित भूमिमुक्त गर्न कार्ययोजना बनाएर अगाडि बढ्ने उनले बताए । जिल्लाको अधिकांश वन क्षेत्र उत्तरतर्फको चुरे र भावरमा पर्ने भएकाले त्यहाँको भौगोलिक संरचनाको संवेदनशीलतालाई मध्यनजर राखी संरक्षणमुखी व्यवस्थापन कार्यमा सामुदायिक वनले पनि सहयोग गरिरहेको डिभिजन वन कार्यालयले जनाएको छ । संरक्षणका गतिविधिलाई जनस्तरसम्म पु¥याउन जिल्लामा रहेका सामुदायिक वन उपभोक्ता समिति र साझेदारी वन व्यवस्थापन समितिलाई थप परिचालन गरिएको सामुदायिक वन उपभोक्ता महासङ्घ सर्लाहीका अध्यक्ष पोखरेलले बताए । यहाँ रहेका वन पैदावारमा आधारित उद्योगलाई समेत जिम्मेवार बनाउने गरी अभियानका रूपमा कार्यक्रम अगाडि बढाउन सके चोरी निकासी नियन्त्रणमा टेवा पुग्ने उनको भनाइ थियो ।

पोखरेलका अनुसार जिल्लामा हाल चार सय ६६ भन्दा बढी वन पैदावारमा आधारित सःमिल तथा फर्निचर उद्योग, ८७ सामुदायिक वन, १९ कबुलियती वन, तीन साझेदारी, ९१ निजी र दुई धार्मिक वन रहेका छन् । जसमध्ये ५७ सामुदायिक वनले चालु वार्षिक वर्षको कार्य योजना, साधारण सभा र लेखा परिक्षण गरिरहेका उनले जानकारी दिए । साथै ३० सामुदायिक वन उपभोक्ता समिति निष्क्रिय अवस्थामा रहेका डिभिजन वन कार्यालय जनाएको छ ।

# माता सीताको जन्मभूमिबाट भार पठाइने



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
माता सीताको जन्मभूमि पुनौराधामबाट राम जन्मभूमि अयोध्यामा पाँच हजार एक सय भार पठाइने भएको छ । पुनौराधामका महन्त श्री कौशल किशोर दासको नेतृत्वमा ५ हजार १ भार १३ जनवरीमा अयोध्या पठाउने तयारी भइहेको छ ।
भारमा पुरी खीर, चुडा, दही, मखान, विभिन्न प्रकारका मिठाइ र फलफूल रहनेछन् । त्यसैगरी पुनौराधामको माटो, सीताकुण्डको पानी, सीताको भान्साको लागि तावा, फूलका भाँडा, कपडालगायतका सामान पनि भारसहित पठाइनेछ । १०१ चारपाङ्ग्रे सवारी साधन भार बोकेर अयोध्या जानेछन् ।

भार पठाउने तयारी तिव्र रुपमा भइरहेको छ ।

वरिष्ठ पत्रकार तथा सीता रसोईका संयोजक रामशंकर शास्त्रीले तौललाई लिएर जनतामा असाध्यै उत्साह रहेको बताए ।
उनले भने, 'सीतामैयाको ससुरा र भगवान श्रीरामको ससुरालाई बोझ बनाउन जनता कुनै कसर छोड्न चाहँदैनन् ।'

## अयोध्यामा प्राणप्रतिष्ठा महायज्ञ

भारतको अयोध्यामा नवनिर्मित राममन्दिर उद्घाटनअघि भगवान् रामको मूर्ति प्राणप्रतिष्ठाका लागि महायज्ञ शुरू भएको छ । मन्दिर उद्घाटनको दिन (२२ जनवरी)सम्मै चल्ने गरी बुधबार शुरू भएको 'शुक्ल यजुर्वेद स्वाहाकार तथा प्राणप्रतिष्ठा महायज्ञ'को नेतृत्व नेपाली आचार्य दुर्गाप्रसाद गौतमले गरेका छन् । झापा घर भएका गौतम सन् २०२० देखि अयोध्यास्थित राम मन्दिरको मुख्य आचार्य छन् । राम जन्मभूमि अयोध्यामा सम्पूर्ण यज्ञ तथा अनुष्ठान गौतमकै नेतृत्वमा हुने गरेको छ ।

# स्वर्णकार हत्यामा संलग्न पुर्पक्षमा




**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको कलैया उपमहानगरपालिका वडा नम्बर ६ निवासी बाल एकता बोर्डिङ स्कुलका सञ्चालक रुपेश स्वर्णकारको हत्यामा संलग्न रहेकालाई जिल्ला अदालत बाराले पुर्पक्षका लागि जेल चलान गरेको छ । अदालतद्वारा पुर्पक्षका लागि थुनामा पठाइएका एक युवतीसहित सात जनालाई बारा प्रहरीले मंगलबार राति वीरगंज कारागार ल्याईएको छ । स्वर्णकारको हत्या आरोपमा पक्राउ परेकी उनकी प्रेमिका भनिएकी राधा गुप्तासहित सात जनालाई बारा जिल्ला अदालतले पुर्पक्षका लागि जेल चलान गर्ने निर्णय गरेसँगै मंगलबार राति ९ बजे वीरगंज कारागारमा अभियुक्तहरुलाई ल्याइएको वीरगंज कारागार प्रमुख फडिन्द्र दहालले बताए ।
बारा जिल्ला अदालतमा कर्तव्य ज्यान, संगठित अपराध तथा हातहतियार खरखजाना मुद्दाको थुनछेक बहसमा अदालतले सात जनालाई मंगलवार जेल चलान गर्ने फैसला गरेको अदालतका सूचना अधिकारी कृष्णप्रसाद दाहालले जानकारी दिए । रुपेश स्वर्णकारको हत्यामा संलग्न बाँकी चार जना भने फरार रहेका छन् ।
स्वर्णकार हत्या प्रकरणमा अदालतमा कुल ११ जनाविरुद्ध पुस १६ गते कर्तव्य ज्यान, संगठित अपराध तथा हातहतियार खरखजाना मुद्दा दर्ता भएको थियो । पुस १७ गतेदेखि लगातार पेसीको क्रममा अदालतले मंगलबार सात जनालाई जेल चलान गर्ने आदेश दिएको हो ।
बारा जिल्ला अदालतका न्यायाधीश शम्भुप्रसाद बरालको इजलासले मुद्दामा आरोपितहरू कलैया–६ की राधा गुप्ता, कलैया–२२ का प्रवीणकुमार साह, सुवर्ण गाउँपालिका–८ का बिगु कुमार कानु, सुवर्ण गाउँपलिका–४ का चन्द्रिकाप्रसाद यादव, रौतहटको मौलापुर नगरपालिका–६ बस्ने कौशल किशोर यादव, सन्तोषप्रसाद र अरुण कुमार सिंहलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको दाहालले बताए ।
फरार हुनेमा भारत बिहारका मनोज गुप्ता, चञ्चल पाण्डे, रौतहटको मौलापुर नगरपालिका बस्ने विनोद राय यादव र विशालकुमार यादव रहेको तथा उनीहरूविरुद्ध अदालतले कानुनबमोजिम म्याद जारी गरेको दाहालले जानकारी दिए । गत कात्तिक १३ गते कलैयामा दिउँसै गोली प्रहार गरी रुपेश स्वर्णकारको हत्या भएको थियो ।
हत्यामा संलग्न मुख्य सुटर सुजित सिंहलाई खुट्टामा गोली प्रहार गरी प्रहरीले नियन्त्रणमा लिएको थियो । उनलाई समेत पुर्पक्षका लागि वीरगंज कारागारमा ल्याईएको कारागार श्रोतले जनाएको छ ।

# विश्वभर प्रभाव विस्तार गर्ने रणनीतिमा चीनः यादव




**मधेशदृष्टि**
**मोरङ ।**
राष्ट्रिय एकता अभियानका संयोजक बिनय यादबले चीनले विश्वभर आफ्नो प्रभाव विस्तार गर्ने रणनीतिक अपनाएको रहेको बताएका छन् । राष्ट्रिय एकता अभियान बिराटनगरद्वारा आयोजित 'राष्ट्रिय स्वाधिनता, बिआईआर ऋणजाल रÞ पोखरा अन्तर्राष्ट्रिय विमानस्थल' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै संयोजक यादवले चीनले आफ्नो निहित स्वार्थ अन्तर्गत अघि सारेको बेल्ट एण्ड रोड पहलको ऋणजालमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल फस्दै गएको दाबी गरे ।
उनले भने, 'अफ्रिकी मुलुकहरु, श्रीलंका र पाकिस्तान चिनियाँ बेल्ट एण्ड रोड परियोजनाको ऋण जालमा यस अघि नै फसिसकेका छन्, पछिल्लो समय यस सूचीमा नेपाल पनि थपिएको छ ।'
चिनियाँ सरकारले प्रस्ताव गरेको ठूलो पूर्वाधार परियोजना बीआरआईले एसिया, युरोप र अफ्रिकालाई सडक, रेलमार्ग, बन्दरगाह र अन्य पूर्वाधार परियोजनाहरूको सञ्जालमार्फत जोड्ने लक्ष्य राखेको भनेपनी यसले सहभागी विकासोन्मुख देशहरूलाई ऋणको जालमा पारी उनीहरूको स्वाधीनतामाथी हस्तक्षेप गर्ने गरेको यादवको भनाई छ । प्राध्यापक राजेन्द्र गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा संविधान सभाका सदस्य बिपी यादव, अभियानका प्रवक्ता जीवन साह, समाज सेवी अरुण शर्मा, डॉ महादेव भगत, सत्यनारायण साह, आभा फाउंडेशनकी संस्थापक आभा अनुपमाले आ–आफ्नो धारणा राखेका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन